आर्थिक वर्ष २०८१/८२ को वार्षिक कार्ययोजना कार्यान्वयनको

# २०८१ चैत महिनासम्मको प्रगति

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(नतिजा व्यवस्थापन महाशाखा)

सिंहदरबार, काठमाडौं

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

## वाक्यविश्लेषण

१. **क्रियाकलाप-** कुनै विशेष उद्देश्य वा लक्ष्य प्राप्त गर्नका लागि गरिने मुख्य कामको गतिविधि

२. **माइलस्टोन-**कुनै क्रियाकलाप प्राप्तिको क्रममा निश्चित समयसीमाभित्र पुग्नु पर्ने लक्ष्य निर्धारण सहितको महत्त्वपूर्ण मापनयोग्य प्रगति वा उपलब्धि जनाउने विन्दु।

३. **चैत महिनासम्म सम्पन्न हुनुपर्ने क्रियाकलाप/माइलस्टोन** - चैत महिनासम्म सम्पन्न हुनुपर्ने गरी लक्ष्य निर्धारण गरिएका क्रियाकलाप/माइलस्टोन।

४. **चैत महिनाभित्र सुरु भई निश्चित लक्ष्य हासिल हुनुपर्ने माइलस्टोन-** साउन महिनादेखि चैत महिनाभित्र सुरु भई क्रमशः निश्चित लक्ष्य हासिल गर्दै पछिल्ला महिनाहरूमा सम्पन्न हुनेगरी निर्धारण गरिएका माइलस्टोन।

५. **लक्ष्य प्राप्त भएका-** तोकिएको महिनाभित्र सुरु भई निर्धारित लक्ष्य प्राप्त भइसकेका चालु अवस्थाका माइलस्टोन।

६. **लक्ष्य प्राप्त नभएका-** तोकिएको महिनाभित्र सुरु भई निर्धारित लक्ष्य प्राप्त हुन नसकेका चालु अवस्थाका माइलस्टोन।

७. **सुरु नभएका-** तोकिएको समयभित्र सम्पन्न हुनुपर्ने वा निश्चित लक्ष्यसहित सुरु हुनुपर्नेमा सुरु हुन नसकेका क्रियाकलाप/माइलस्टोन।

विषयसूची

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

*वाक्य विश्लेषण*


१. **पृष्ठभूमि** ........ १

२. **कार्यसम्पादन सूचकहरूको प्रगति स्थिति** ........ ४

३. **राजस्व सङ्कलन र खर्चसम्बन्धी प्रगति स्थिति** ........ १८

३.१ राजस्व सङ्कलनको प्रगति स्थिति ........ १८

३.२ खर्चसम्बन्धी प्रगति स्थिति ........ १९

४. **क्रियाकलाप तथा माइलस्टोनको प्रगति स्थिति** ........ २०

४.१ क्रियाकलापको प्रगति स्थिति ........ २०

४.२ माइलस्टोनको प्रगति स्थिति ........ २१

५. **क्षेत्रगत प्रगति स्थिति** ........ २४

५.१ आर्थिक क्षेत्रको प्रगति स्थिति ........ २४

५.२ पूर्वाधार क्षेत्रको प्रगति स्थिति ........ २६

५.३ शासकीय सुधार क्षेत्रको प्रगति स्थिति ........ २९

५.४ सामाजिक क्षेत्रको प्रगति स्थिति ........ ३२

६. **मन्त्रालय/ निकायगत माइलस्टोनको चैत महिनासम्मको प्रगति** ........ ३५

७. **समस्या र कारणहरूको विश्लेषण** ........ ३७

८. **सुझावहरू** ........ ४२

# १. पृष्ठभूमि

नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम एवम् वार्षिक बजेटद्वारा निर्धारित कार्यक्रम तथा आयोजनाहरूलाई सम्बन्धित मन्त्रालय तथा निकायहरूबाट वार्षिक कार्ययोजना बनाई कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ। मन्त्रालय तथा निकायहरूको कार्ययोजना तयार गर्दा सञ्चालन हुने क्रियाकलाप, उक्त क्रियाकलापसँग सम्बन्धित प्रक्रियागत तथा नतिजासमेतमा आधारित माइलस्टोन तथा सोको कार्यान्वयन पश्चात् मन्त्रालय/निकायहरूले आवधिक रूपमा हासिल गर्ने नतिजा सूचकहरूको खाकासमेत निर्धारण गरिएको छ। यसरी सम्पादित क्रियाकलाप तथा माइलस्टोनको प्रगति प्रतिवेदन गर्न एकीकृत अनलाइन अनुगमन प्रणाली कार्यान्वयनमा ल्याइएको र सोही प्रणालीमा प्राप्त विवरणहरूमा आधारित रही आवधिक रूपमा प्रगति प्रतिवेदन तयार गर्ने गरिएको छ।

यस प्रणालीले अनुगमन पद्धतिलाई नतिजामा आधारित बनाई लक्ष्य हासिल गर्न सघाउ पुऱ्याएको छ। साथै, कार्यसम्पादन गर्ने निकायहरूले विभिन्न निकायहरूमा छुट्टाछुट्टै गर्ने गरेको प्रतिवेदनसमेतलाई एउटै प्रणालीमार्फत् गर्न अनुगमन गर्ने निकायहरूले प्राप्त गर्ने सूचनामा एकरूपता कायम गर्न तथा यस्ता सूचना तथा प्रतिवेदनहरू सुरक्षित राखी दीर्घकालीन प्रयोगमा ल्याउन समेत सहयोग पुगेको छ। यसका अतिरिक्त कार्यसम्पादनको वस्तुगत जानकारी, कार्यसम्पादनमा देखिएका समस्या र त्यसको समाधानको उपायले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट हुने अनुगमनको अनुगमन कार्यका साथै निर्णायक तहसम्म निर्णय निर्माणमा सहयोग पुगेको छ।

सम्माननीय राष्ट्रपतिज्यूबाट सङ्घीय संसदको दुवै सदनको संयुक्त बैठकलाई संवत् २०८१ साल जेठ १ गते गर्नु भएको नीति तथा कार्यक्रमको सम्बोधन तथा माननीय अर्थमन्त्रीज्यूबाट सङ्घीय संसदको संयुक्त बैठकमा प्रस्तुत आ.व. २०८१/८२ को वार्षिक बजेट तथा कार्यक्रमको आधारमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत सबै मन्त्रालयहरू, राष्ट्रिय योजना आयोग, लगानी बोर्डको कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र, सार्वजनिक खरिद तथा अनुगमन कार्यालय, राष्ट्रिय तथ्याङ्क कार्यालय र चालु आर्थिक वर्षबाट अनुगमनका लागि थप गरिएको नेपाल ट्रष्टको कार्यालयसमेत गरी २८ वटा मन्त्रालय/निकायहरूको १,०१० क्रियाकलाप र १,९६१ माइलस्टोनका साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित सबै मन्त्रालय र लगानी बोर्डको कार्यालय समेतका ३४४ वटा नतिजा सूचकहरूमा कार्ययोजनालाई व्यवस्थित गरी एकीकृत अनलाइन अनुगमन प्रणालीमा प्रविष्टि गरिएको थियो।

एकीकृत अनलाइन अनुगमन प्रणालीबाट अनुगमन गर्ने प्रयोजनका लागि माइलस्टोन तयार गर्दा मन्त्रालय स्वयम्ले स्वीकृत गरी लागु गर्ने निर्देशिका, कार्यविधि, मार्गदर्शन संशोधन र स्वीकृत, लागत अनुमान तयार, बोलपत्र आह्वान बाहेकका सूचना प्रकाशन, कुनै कार्य गर्न कार्यदल/समिति

गठन, ऐन, नियम, नीति, निर्देशिका, कार्यविधि, मापदण्ड, अध्ययन प्रतिवेदन आदिका मस्यौदा तयार, मन्त्रालयस्तरीय समीक्षा, कार्यशाला, सेमिनार, गोष्ठी, तालिम प्रदान गर्ने मुख्य कार्यक्षेत्र भएका निकायहरू बाहेक अन्य निकायहरूले प्रदान गर्ने कर्मचारीको क्षमता अभिवृद्धि तालिम, कर्मचारी प्रशासनसम्बन्धी कार्य, वैदेशिक सहायता प्रतिवद्धता प्राप्त नभएका एवम् स्रोत सुनिश्चितता प्राप्त नभएका जस्ता कार्यहरूलाई माइलस्टोनमा समावेश नगरी प्रक्रियागतभन्दा नतिजामूलक माइलस्टोनलाई प्राथमिकतामा राखिएको थियो। आर्थिक वर्ष २०८०/८१ को कार्ययोजनामा कुल क्रियाकलाप १,६०० र माइलस्टोन ३,४२१ रहेकोमा सम्पादन गर्नुपर्ने कार्यको प्राथमिकता र नतिजासमेतलाई मध्यनजर गरी प्रक्रियागत रूपमा रहेका माइलस्टोनलाई हटाइएको र नतिजामा बढी केन्द्रित भएको हुँदा चालु आर्थिक वर्षमा क्रियाकलाप र माइलस्टोनको संख्या कम देखिएका छन्।

घोषित नीतिहरूको कार्यान्वयनका लागि नीतिहरूसँग सम्बन्धित क्रियाकलापलाई आबद्ध गर्ने एवम् समय सारिणीसहितको कार्ययोजना तयार गरी लागु गर्ने क्रममा आ.व. २०८१/८२ को वार्षिक कार्यान्वयन कार्ययोजना तयार गर्दा विभिन्न चरणमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग र सम्बन्धित मन्त्रालय तथा निकायको उपस्थितिमा आवश्यक छलफल गरी अन्तिम रूप प्रदान गरिएको थियो। यस क्रममा मन्त्रालय तथा निकायगत रूपमा तयार गरिएको वार्षिक बजेट कार्यान्वयन कार्ययोजनालाई आवधिक योजना, मध्यमकालीन खर्च संरचनासँगको तादात्म्यको विश्लेषण गरी एक आपसमा आवद्ध गर्ने प्रयास गरिएको थियो भने कार्ययोजना तर्जुमाका क्रममा यस कार्यालयबाट मन्त्रालयहरूलाई पठाइएको कार्ययोजना तर्जुमा मार्गदर्शन तथा अर्थ मन्त्रालयबाट जारी भएको बजेट कार्यान्वयन मार्गदर्शनलाई समेत प्रमुख आधारका रूपमा लिइएको थियो। उक्त मार्गदर्शनमा व्यवस्था भएबमोजिम मन्त्रालय तथा निकायहरूले कानुनी तयारीका रूपमा गर्नुपर्ने कार्यहरू नयाँ कार्यविधि, निर्देशिका तर्जुमा, विद्यमान कानुन संशोधन, आयोजना तथा क्रियाकलाप सञ्चालनको लागि बोलपत्र सूचना प्रकाशन, बोलपत्रको सम्झौताजस्ता माइलस्टोनको समय साधारणतः प्रथम त्रैमासिक अवधि निर्धारण गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाउने गरी कार्यान्वयन कार्ययोजनालाई अन्तिम रूप प्रदान गरिएको थियो।

नेपाल सरकारको नीति तथा कार्यक्रमले निर्दिष्ट गरेका र बजेट वक्तव्यमा उल्लेख भएका विभिन्न मन्त्रालय अन्तर्गतका वार्षिक योजना तथा कार्यक्रमहरू निर्धारित समय, लागत र गुणस्तर अनुरूप सम्पन्न गरी अपेक्षित नतिजा हासिल गर्न सम्माननीय प्रधानमन्त्रीज्यू र माननीय मन्त्रीज्यूहरूबीच मिति २०८१/०५/२७ मा कार्यसम्पादन सम्झौतासमेत भएको थियो।

यस प्रतिवेदनमा मन्त्रालय/निकायहरूको क्रियाकलाप तथा माइलस्टोनको क्षेत्रगत प्रगति स्थिति एवम् चालु आर्थिक वर्षको चैत महिनासम्मको बजेट खर्चको स्थिति समेटिएको छ। प्रतिवेदनमा प्रस्तुत तथ्याङ्क एवम् विवरणहरू विषयगत मन्त्रालय/निकायहरूबाट एकीकृत अनलाइन अनुगमन प्रणालीमा प्रविष्टि गरिएका र महालेखा नियन्त्रक कार्यालयबाट प्रकाशित विवरणमा आधारित छन्।

एकीकृत अनलाइन अनुगमन प्रणालीमा प्रविष्ट गरिएको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको लागि तर्जुमा गरिएको मन्त्रालय/निकायहरूको कार्ययोजना कार्यान्वयनको प्रगति अवस्थालाई विश्लेषण गर्न मन्त्रालय तथा निकायहरूलाई कार्यप्रकृतिका आधारमा ४ वटा प्रमुख क्षेत्रमा विभाजन गरिएको छ। प्रमुख क्षेत्र र ती क्षेत्र अन्तर्गत रहने मन्त्रालय/निकायहरू देहायअनुसार छन्।

क. **आर्थिक क्षेत्रः** यस क्षेत्र अन्तर्गत अर्थ मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय गरी ६ वटा मन्त्रालयहरू र लगानी बोर्डको कार्यालयसमेत गरी ७ वटा निकायहरू समावेश छन्।

ख. **पूर्वाधार क्षेत्रः** यस क्षेत्र अन्तर्गत भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, शहरी विकास मन्त्रालय, खानेपानी मन्त्रालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालय गरी ५ वटा मन्त्रालयहरू समावेश छन्।

ग. **शासकीय सुधार क्षेत्रः** यस क्षेत्र अन्तर्गत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, परराष्ट्र मन्त्रालय, राष्ट्रिय योजना आयोग, सार्वजनिक खरिद अनुगमन कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र, राष्ट्रिय तथ्याङ्क कार्यालय र नेपाल ट्रष्टको कार्यालय गरी ११ वटा मन्त्रालय/निकायहरू समावेश छन्।

घ. **सामाजिक क्षेत्रः** यस क्षेत्र अन्तर्गत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय गरी ५ वटा मन्त्रालयहरू समावेश छन्।

## २. कार्यसम्पादन सूचकहरूको प्रगति स्थिति

आर्थिक वर्ष २०८१/८२ का लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित सबै मन्त्रालयहरू र लगानी बोर्डको कार्यालय समेतका ३४४ वटा प्रमुख कार्यसम्पादन सूचकहरू एकीकृत अनलाइन अनुगमन प्रणालीमा प्रविष्टि गरिएको थियो। प्रणालीमा प्रविष्ट सूचकमध्ये चैत महिनासम्मका लागि २६६ वटा सूचकहरूको लक्ष्य निर्धारण गरिएकोमा ११९ वटा सूचकहरूले लक्ष्य प्राप्त गरेको र १४७ वटा सूचकहरूले लक्ष्य प्राप्त गर्न नसकेको अवस्था छ। चैत महिनासम्ममा निश्चित लक्ष्य तोकिएका र प्रगति प्रविष्टि गरिएका केही प्रमुख कार्यसम्पादन सूचकहरूको प्रगति स्थिति देहाय बमोजिम रहेको छ।

**तालिकाः१- प्रमुख कार्यसम्पादन सूचकको प्रगतिस्थिति**

| क.सं. | सूचक | समीक्षा अवधि | इकाइ | २०८१ असारको स्थिति | २०८१/८२ को वार्षिक लक्ष्य | २०८१ चैतसम्मको लक्ष्य | २०८१ चैतसम्मको प्रगति | २०८१ साउनदेखि चैतसम्मको प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| १ | हेलो सरकारमा प्राप्त उजुरी फछ्यौंट (उजुरीकर्ताको पृष्ठपोषणसहित) | मासिक | प्रतिशत | ४८.५ | ५४ | ५२.५ | ५६.७ | ५६.७ |
| २ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नाममा आएको गुनासो फछ्यौंट | मासिक | प्रतिशत | १०० | १०० | १०० | ७५ | ७५ |
| ३ | मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन | मासिक | प्रतिशत | ९८.३४ | १०० | १०० | १०० | १०० |
| ४ | वैदेशिक सहायता प्राप्ति | मासिक | रू.अर्ब | १३९ | २७० | १८५ | ८८.६ | ८८.६ |
| ५ | सङ्घीय पुँजीगत खर्च | मासिक | रू.अर्ब | १९१.७४ | ३५२.३५ | १७५.३५ | १०२.९१ | १०२.९१ |
| ६ | राजस्व परिचालन (बाँडफाट हुने राजस्व समेत) | मासिक | रू.अर्ब | १०८२.७५ | १४१९.३ | १०२४.२४ | ८४१.१३ | ८४१.१३ |
| ७ | औसत उपभोक्ता मुद्रास्फिति* | मासिक | प्रतिशत | ५.४४ | ५.५ | ५.५ | ३.७५ | ३.७५ |
| ८ | भुक्तानी सन्तुलन | मासिक | रु.अर्ब | ५०२.४९ | १५०.१८ | ११२.५१ | ३१०.३७ | ३१०.३७ |
| ९ | चालुखाता सन्तुलन | मासिक | रु.अर्ब | २२१.३४ | ६८.२७ | ५१.०८ | १८०.०८ | १८०.०८ |
| १० | विदेशी विनिमय सञ्चितिको न्यूनतम | मासिक | महिना | १३ | ७ | ७ | १४.३ | १४.३ |

| क्र.सं. | सूचक | समीक्षा अवधि | इकाइ | २०८१ असारको स्थिति | २०८१/८२ को वार्षिक लक्ष्य | २०८१ चैतसम्मको लक्ष्य | २०८१ चैतसम्मको प्रगति | २०८१ साउनदेखि चैतसम्मको प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| | पर्याप्तता (वस्तु तथा सेवा) | | | | | | | |
| ११ | बिमाको पहुँच विस्तार (दायरामा आएको जनसङ्ख्या) | त्रैमासिक | प्रतिशत | ४४.४७ | ५.५३ | ४८ | ४४.६४ | ०.१७ |
| १२ | पुँजी बजारमा पहुँच (डिम्याट खाता) | त्रैमासिक | संख्या (लाख) | ६३.११ | ५.५ | ६७.६२ | ६७.९९ | ४.८८ |
| १३ | बैंक तथा वित्तीय संस्थाबाट निक्षेप सङ्कलन | मासिक | रू अर्ब | ६२२५ | ८०५ | ६८२८ | ६७६८ | ५४३ |
| १४ | बैंक तथा वित्तीय संस्थाबाट कर्जा लगानी | मासिक | रू अर्ब | ५०४४ | ६८२ | ५५४८ | ५५५६ | ५१२ |
| १५ | साना किसान विकास लघुवित्त वित्तीय संस्थामा लगानी/ अनुदानबाट रोजगारी संख्या | त्रैमासिक | कार्यदिन (हजारमा) | १२० | १५ | १३१ | १३१ | ११ |
| १६ | २०८१ असार मसान्तसम्म कायम रहेको शोधभर्ना (रु. २८.५ अर्ब) प्राप्ति | मासिक | प्रतिशत | ३१.४ | १०० | ८० | ८२.८३ | ८२.८३ |
| १७ | ठूला, मझौला, साना, घरेलु एवं लघु उद्यमी सिर्जना कार्यक्रमबाट रोजगारी सिर्जना | त्रैमासिक | संख्या (प्रति हजार) | १६१ | १६९ | ११९ | २६.०१३ | २६.०१३ |
| १८ | कुल निकासी | मासिक | रू अर्ब | १५२.३८ | १६७.१२ | १२४.९८ | १८८.२ | १८८.२ |
| १९ | तोकिएको दुर्गम जिल्लामा खाद्यान्न ढुवानी | त्रैमासिक | मे.टन (हजारमा) | १८.८ | २० | १६.१८९ | १८.१७६ | १८.१७६ |
| २० | तोकिएको जिल्लामा आयोडिनयुक्त नुन ढुवानी | मासिक | क्विन्टल | ८६११२.६५ | ८१६०० | ५७१२० | ७४३७०.१ | ७४३७०.१ |
| २१ | राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा खाद्यान्न मौज्दात | मासिक | मे.टन (हजारमा) | २५ | २५ | २५ | ९.०९७ | ९.०९७ |

| क्र.सं. | सूचक | समीक्षा अवधि | इकाइ | २०८१ असारको स्थिति | २०८१/८२ को वार्षिक लक्ष्य | २०८१ चैतसम्मको लक्ष्य | २०८१ चैतसम्मको प्रगति | २०८१ साउनदेखि चैतसम्मको प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| २२ | सार्क खाद्य बैंकमा खाद्यान्न मौज्दात | मासिक | मे.टन (हजारमा) | ८ | ८ | ८ | ८ | ८ |
| २३ | ठूला उद्योग दर्ता | मासिक | संख्या | १४१९ | ५५ | १४६२ | १४६४ | ४५ |
| २४ | मझौला उद्योग दर्ता | मासिक | संख्या | २१३९ | ५० | २१७८ | २१६८ | २९ |
| २५ | उद्योगहरूमा वैदेशिक लगानी स्वीकृति | मासिक | रू अर्ब | ५११ | ४४ | २९ | ५७.९८ | ५७.९८ |
| २६ | बजार अनुगमन | मासिक | पटक | ३८५० | ४०२० | ३०१५ | ३०२० | ३०२० |
| २७ | कुल आयात | मासिक | रु अर्ब | १५९२.९८ | १५७१.७ | ११४३.८२ | ११४५.५६ | ११४५.५६ |
| २८ | निशुल्क कानुनी सहायता प्राप्त गर्ने व्यक्ति | मासिक | जना | ४७१० | ४५०० | ३३७५ | २५४० | २५४० |
| २९ | NeLIS र Mero Kitta प्रणाली मार्फत सेवा प्रवाह गरिने कार्यालय | मासिक | कार्यालय | ५८ | ३४ | ७४ | ७१ | १३ |
| ३० | पुनः नापी सम्पन्न क्षेत्रफल | मासिक | हेक्टर | ४४५३५२ | ७७५ | ४४५७०२ | ४४५५९१ | २३९.४ |
| ३१ | विशेष नापी सम्पन्न क्षेत्रफल | मासिक | हेक्टर | ३७१०४८ | ६८०० | ३७४०४८ | ३७९२९५ | ८२४७.१ |
| ३२ | भू-उपयोग कार्यान्वयनका लागि प्राविधिक सहयोग प्रदान गरिएको स्थानीय तह | मासिक | संख्या | २७० | ४२ | ३०४ | ३१७ | ४७ |
| ३३ | पूर्ण स्वचालित विद्युतीय भू-सूचना प्रणाली (LRIMS) लागु भएका कार्यालय | मासिक | संख्या | | १५ | ३ | ७ | ७ |
| ३४ | COPOMIS प्रणालीमा आवद्ध सहकारी | मासिक | संख्या (हजारमा) | १७.६९६ | १ | १८.४५६ | १९.००९ | १.३१३ |
| ३५ | रासायनिक मल आपूर्ति | मासिक | मे.टन (हजारमा) | ४७१.३ | ५५० | ४२० | २७१.६९२ | २७१.६९२ |
| ३६ | किसान सूचीकरण | मासिक | संख्या (हजारमा) | १८०० | १२०० | २७०० | २१०५ | ३०५ |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

| क्र.सं. | सूचक | समीक्षा अवधि | इकाइ | २०८१ असारको स्थिति | २०८१/८२ को वार्षिक लक्ष्य | २०८१ चैतसम्मको लक्ष्य | २०८१ चैतसम्मको प्रगति | २०८१ साउनदेखि चैतसम्मको प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| ३७ | दूध उत्पादन | त्रैमासिक | मे.टन (हजारमा) | २६१३ | २६४३ | २१०० | २०१२ | २०१२ |
| ३८ | माछा उत्पादन | त्रैमासिक | मे.टन (हजारमा) | ११९ | १२४ | ८५ | ९२ | ९२ |
| ३९ | मासु उत्पादन | त्रैमासिक | मे.टन (हजारमा) | ४३० | ४३४ | ३५० | ३३५ | ३३५ |
| ४० | अण्डा उत्पादन | त्रैमासिक | गोटा(लाखमा) | १६०८० | १६३०० | १२०० | १२३४० | १२३४० |
| ४१ | पशुपन्छीको संक्रामक रोगविरुद्धको खोप उत्पादन | त्रैमासिक | डोज (लाखमा) | ४४९ | ५०७ | ३०० | २६३ | २६३ |
| ४२ | कृत्रिम गर्भाधान सेवा | मासिक | संख्या (हजारमा) | ६७४ | ७५० | ६१० | ५५३.४ | ५५३.४ |
| ४३ | अन्नबालीको स्रोत बीउ उत्पादन | अर्ध वार्षिक | मे.टन. | ७५० | १०३९ | ५५० | २६४ | २६४ |
| ४४ | आयातीत खाद्य वस्तुमा विषादी अवशेषको परीक्षण | मासिक | संख्या (हजारमा) | ६२ | ५१.५ | ३९ | ४६.०१४ | ४६.०१४ |
| ४५ | साना सिँचाइबाट सिँचित क्षेत्रफल | त्रैमासिक | हेक्टर | २८१८७ | ५०५० | ३००० | १७७५ | १७७५ |
| ४६ | निर्माण भएका सुरक्षित नागरिक आवास | त्रैमासिक | वटा (हजारमा) | ८१ | ५ | ८३.५ | ९१.२ | १०.२ |
| ४७ | शहरी सडक निर्माण तथा स्तरोन्नति | त्रैमासिक | कि.मि. | ३५०० | २५० | ३६०० | ३६५३.७३ | १५३.७३ |
| ४८ | निर्माण भएका ग्रामीण कालोपत्रे सडक | त्रैमासिक | कि.मि. | ४८१५ | ८५ | ४८६० | ४८२३.६ | ८.६ |
| ४९ | निर्माण भएका स्थानीय सडक पुल | त्रैमासिक | संख्या | ७०० | ३० | ७१५ | ७०५ | ५ |
| ५० | निर्माण भएका झोलुंगे पुल | त्रैमासिक | संख्या | १०७५० | ३०० | १०९२५ | १०९२६ | १७६ |
| ५१ | निर्माण भएका स्थानीय तहको प्रशासकीय भवन | त्रैमासिक | संख्या | ३१२ | ६८ | ३४७ | ३५२ | ४० |

| क्र.सं. | सूचक | समीक्षा अवधि | इकाइ | २०८१ असारको स्थिति | २०८१/८२ को वार्षिक लक्ष्य | २०८१ चैतसम्मको लक्ष्य | २०८१ चैतसम्मको प्रगति | २०८१ साउनदेखि चैतसम्मको प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| ५२ | साना सिँचाइबाट सिँचित क्षेत्रफल | त्रैमासिक | हेक्टर (हजारमा) | २७२०० | २८०० | २९२०० | २८५६३ | १३६३ |
| ५३ | WASH Plan लागु भएका स्थानीय तह | त्रैमासिक | संख्या | २३४ | १०१ | २५० | २५१ | १७ |
| ५४ | एक घर एक धाराको नक्शाङ्कन भएका घर परिवार | त्रैमासिक | संख्या (हजारमा) | ८३० | १७० | ९५० | ९५० | १२० |
| ५५ | आधारभूत सामाजिक सुरक्षामा आवद्ध जनसङ्ख्या | त्रैमासिक | प्रतिशत | ३८.१८ | २.८ | ३९ | ४१ | २.८२ |
| ५६ | अपराधका घटनाको अनुसन्धान प्रतिशत | मासिक | प्रतिशत | ८५ | ८७ | ६८ | ७३ | ७३ |
| ५७ | राष्ट्रिय परिचयपत्र नम्बर (NIN) प्राप्त गरेका नेपाली नागरिक | त्रैमासिक | प्रतिशत | ६५ | १० | ७२ | ७४ | ९ |
| ५८ | सीपमूलक/रोजगारमूलक तालिम प्राप्त कैदी बन्दी | त्रैमासिक | प्रतिशत | १५ | ५ | १८.५ | १८.५ | ३.५ |
| ५९ | विद्युत जडित क्षमता | त्रैमासिक | मे.वा. | ३२४३ | १२५७ | ४२१३ | ३४०३ | १६० |
| ६० | ६६ के.भि. भन्दा बढी प्रसारण लाइन निर्माण | त्रैमासिक | सर्किट कि.मि. | ६४६२ | २१२८ | ८०५८ | ६६७२ | २१० |
| ६१ | ३३ के भि प्रसारण लाईन विस्तार | त्रैमासिक | सर्किट कि.मि. | ७७५० | २५० | ७९३७ | ७६११ | १३९ |
| ६२ | विद्युत निर्यात | त्रैमासिक | गिगावाट आवर | १९५१ | २१५० | १६१२.५ | २९०.५२२ | २९०.५२२ |
| ६३ | सौर्य विद्युत उत्पादन क्षमता | त्रैमासिक | मे.वा. | ४९.६६ | २.३४ | ५१.४१५ | ४९.८८ | ०.२२ |
| ६४ | लघु तथा साना जलविद्युत आयोजनाबाट विद्युत उत्पादन | त्रैमासिक | मे.वा. | ४०.२५ | ०.७५ | ४०.७९ | ४०.४ | ०.१५ |
| ६५ | सिँचाइ सुविधा (सङ्घीयस्तर मात्र) | त्रैमासिक | हेक्टर | १५६९०३२ | २४००० | १५८००५७ | १५७८९७५ | ९९४३ |

| क्र.सं. | सूचक | समीक्षा अवधि | इकाइ | २०८१ असारको स्थिति | २०८१/८२ को वार्षिक लक्ष्य | २०८१ चैतसम्मको लक्ष्य | २०८१ चैतसम्मको प्रगति | २०८१ साउनदेखि चैतसम्मको प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| ६६ | सिँचाइयोग्य भूमिमध्ये वर्षैभर सिँचाइ सुविधा पुगेको भूमि | त्रैमासिक | हेक्टर | ५२३०१०.७ | ८००० | ५२६६८६ | ५२६३२५ | ३३१४.३३ |
| ६७ | भूमिगत सिँचाइ आयोजनाहरुबाट सिंचित क्षेत्रफल विस्तार | त्रैमासिक | हेक्टर | ५३७३४४.४ | १०००० | ५४२८७४ | ५४३१०७ | ५७६२.६ |
| ६८ | ठूला तथा मझौला नदीमा तटबन्ध निर्माण | त्रैमासिक | कि.मि. | १४२७.४९ | ३६ | १४५०.२९ | १४५९.४९ | ३२ |
| ६९ | लिफ्ट र जलाशय सिँचाइ कार्यक्रमबाट सिंचित क्षेत्रफल विस्तार | त्रैमासिक | हेक्टर | ३५८८ | ३०५५ | ४७५८ | ४२१८ | ६३० |
| ७० | तटबन्ध निर्माणबाट जग्गा उकास | त्रैमासिक | हेक्टर | १३२०१.८८ | १५० | १३२९१.९ | १३५१६.९ | ३१५ |
| ७१ | स्वचालित जलमापन केन्द्र स्थापना र सञ्चालन | त्रैमासिक | संख्या | १७५ | १५ | १८० | १८० | ५ |
| ७२ | स्वचालित मौसम मापन केन्द्र स्थापना र सञ्चालन | त्रैमासिक | संख्या | ३३२ | १८ | ३३६ | ३४० | ८ |
| ७३ | सतह सिँचाइ आयोजनाहरुबाट सिंचित क्षेत्रफल विस्तार | त्रैमासिक | हेक्टर | १०२८१०० | १०९४५ | १०३२४२५ | १०३१६५० | ३५५० |
| ७४ | नियोगमार्फत आर्थिक कूटनीतिका कार्यक्रमहरुको सञ्चालन | त्रैमासिक | संख्या | ३२० | २०० | १५० | १५० | १५० |
| ७५ | द्विपक्षीय परामर्श संयन्त्रको बैठक आयोजना/सहभागिता | त्रैमासिक | संख्या | ८ | १० | ८ | १ | १ |
| ७६ | विद्युतीय राहदानी वितरण | मासिक | संख्या (हजारमा) | ३४१० | १००० | ४१६० | ४४१४.५५ | १००४.५५ |
| ७७ | कन्सुलर सेवा अन्तर्गत कागजात प्रमाणीकरण | मासिक | संख्या (हजारमा) | ४३० | ३५० | २६० | ५६२.७८ | ५६२.७८ |

| क्र.सं. | सूचक | समीक्षा अवधि | इकाइ | २०८१ असारको स्थिति | २०८१/८२ को वार्षिक लक्ष्य | २०८१ चैतसम्मको लक्ष्य | २०८१ चैतसम्मको प्रगति | २०८१ साउनदेखि चैतसम्मको प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| ७८ | विदेशमा समस्यामा परेका नेपालीको उद्धारमा सहजीकरण | त्रैमासिक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| ७९ | कालोपत्रे सडक (दुई लेन) | त्रैमासिक | कि.मि. | १८३६७ | ८०० | १८७६७ | १८६७६ | ३०९ |
| ८० | कालोपत्रे सडक (चार लेन) | त्रैमासिक | कि.मि. | २२३ | १२० | २८३ | २७९ | ५६ |
| ८१ | कालोपत्रे सडक (चार लेनभन्दा बढी) | त्रैमासिक | कि.मि. | २१८ | १० | २२३ | २२५ | ७ |
| ८२ | पुल निर्माण | मासिक | वटा | ३४१९ | १५० | ३४९९ | ३४६९ | ५० |
| ८३ | रेल मार्ग (ट्रयाकवेड निर्माण) | मासिक | कि.मि. | १२७ | ५ | १३० | १३० | ३ |
| ८४ | रेल पुल निर्माण | मासिक | वटा | १३ | ३ | १६ | १६ | ३ |
| ८५ | सुरूङ निर्माण (मेन टनेल र ईभ्याकुएसन टनेल) | मासिक | मिटर | ५९६१.३ | ११०५.७ | ७०६७ | ७०६७ | ११०५.७ |
| ८६ | सवारी चालक अनुमति पत्र (स्मार्ट कार्ड) वितरण | मासिक | संख्या(लाख) | ३६.९१६५५ | २७ | ५४.९१६६ | ३९.८७१ | २.९५४४५ |
| ८७ | इम्बोस्ड नम्बर प्लेट उत्पादन | मासिक | संख्या (हजारमा) | ५८०.९५७ | १८४ | ७१६.९५७ | ६४७.६०६ | ६६.६४९ |
| ८८ | माटे सडक (ट्रयाक निर्माण) | त्रैमासिक | कि.मि. | | १५० | १०० | ११५ | ११५ |
| ८९ | काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजनाको समष्टिगत भौतिक प्रगति | मासिक | प्रतिशत | ३५.३८ | १५ | ४७.३८ | ३९.३४ | ३.९६ |
| ९० | कर्णाली कोरिडीर (लालिबगर-दुल्लिकुन्ना र घाटपारीचौर-बद्रीगाउँ-भुक्काखोला खण्ड) सडक आयोजनाको समष्टिगत भौतिक प्रगति | मासिक | कि.मि. | १३.५ | २.५ | १५.२८ | १५.२८ | १.७८ |

| क्र.सं. | सूचक | समीक्षा अवधि | इकाइ | २०८१ असारको स्थिति | २०८१/८२ को वार्षिक लक्ष्य | २०८१ चैतसम्मको लक्ष्य | २०८१ चैतसम्मको प्रगति | २०८१ साउनदेखि चैतसम्मको प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| ९१ | कोशी कोरिडोर (च्यामताङ्ग-घोङ्गप्पा खण्ड) सडक आयोजनाको समष्टिगत भौतिक प्रगति | मासिक | कि.मि. | ८.५ | २.०१ | १०.५१ | १०.५१ | २.०१ |
| ९२ | महाकाली कोरिडोर दार्चुला-टिङ्कर (तुषारपानी-टिङ्कर खण्ड) सडक आयोजनाको समष्टिगत भौतिक प्रगति | मासिक | कि.मि. | १३.४ | १.८ | १५.२ | १५.२ | १.८ |
| ९३ | वेनीघाट-आरुघाट-लार्केभन्ज्याङ्ग सडक आयोजनाको समष्टिगत भौतिक प्रगति | मासिक | कि.मि. | ३८ | २ | ४० | ४० | २ |
| ९४ | राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय (NDU) निर्माण कार्यको समष्टिगत भौतिक प्रगति | त्रैमासिक | प्रतिशत | १७.२२ | ५६.८२ | ५८.२२ | ४७.०४ | २९.८२ |
| ९५ | सामुदायिक विपद् प्रतिकार्य तालिम | त्रैमासिक | जना (हजारमा) | २७.६२५ | १६ | ३९.५९५ | ३९.५९५ | ११.९७ |
| ९६ | वन क्षेत्रबाट सङ्कलित राजस्व रकम | मासिक | रू. अर्ब | ३ | ३.५ | २.१ | २.४ | २.४ |
| ९७ | काठको उत्पादन | मासिक | क्यू.फिट (लाखमा) | ३०० | ३५० | २४० | २५८.२५ | २५८.२५ |
| ९८ | दाउरा उत्पादन | मासिक | चट्टा (हजारमा) | ४३ | ४४ | ४० | २१.१ | २१.१ |
| ९९ | उत्पादित काठ बिक्री | मासिक | क्यू.फिट (लाखमा) | ३०० | ३१० | २३५ | २६८.८४ | २६८.८४ |
| १०० | बिरुवा उत्पादन, खरिद, वितरण | त्रैमासिक | गोटा (हजारमा) | ३०००० | २०००० | ४००० | ४२४४.७५ | ४२४४.७५ |
| १०१ | वन क्षेत्रबाट रोजगारी सिर्जना | त्रैमासिक | जना (हजारमा) | २७ | ४० | ३० | ४०.२६ | ४०.२६ |
| १०२ | दिगो व्यवस्थापन भएको वनको क्षेत्रफल | अर्ध वार्षिक | हेक्टर (हजारमा) | ९० | १०० | १८५ | १९१.०७ | १०१.०७ |

| क.सं. | सूचक | समीक्षा अवधि | इकाइ | २०८१ असारको स्थिति | २०८१/८२ को वार्षिक लक्ष्य | २०८१ चैतसम्मको लक्ष्य | २०८१ चैतसम्मको प्रगति | २०८१ साउनदेखि चैतसम्मको प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| १०३ | बृक्षारोपण क्षेत्रफल | त्रैमासिक | हेक्टर | ३००० | ३००० | ५० | १२४.९६ | १२४.९६ |
| १०४ | घाँसे मैदान व्यवस्थापन | त्रैमासिक | हेक्टर | १०३३ | १४०० | ११०० | ४३९.२१ | ४३९.२१ |
| १०५ | पानी मुहान, पोखरी संरक्षण र सीमसार क्षेत्र व्यवस्थापन | त्रैमासिक | संख्या | २७५ | ३५० | ३०० | ४३० | ४३० |
| १०६ | गल्छी/खहरे/पहिरो नियन्त्रण तथा रोकथाम | त्रैमासिक | संख्या | २५० | ५५० | ३०० | ९८० | ९८० |
| १०७ | शहरी हरित उद्यान निर्माण तथा व्यवस्थापन | त्रैमासिक | संख्या | ९० | ९० | १५० | १८२ | ९२ |
| १०८ | वातावरणीय परीक्षण | त्रैमासिक | संख्या | १० | १० | ८ | ६ | ६ |
| १०९ | उद्योग प्रतिष्ठानको वातावरण प्रदूषणसम्बन्धी अनुगमन एवं निरीक्षण | त्रैमासिक | संख्या | ९५ | १०० | ७० | ७० | ७० |
| ११० | वातावरणीय प्रदूषण रोकथाम तथा नियन्त्रणको लागि नदीनाला, तालतलैयाको पानी तथा उद्योग, कलकारखानावाट निष्कासित फोहोर पानी लगायतका नमुना सङ्कलन तथा विश्लेषण | त्रैमासिक | संख्या | ७० | ७५ | ६० | ७६ | ७६ |
| १११ | उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम | मासिक | जना | ६५०० | १००० | ७२०० | ७५०० | १००० |
| ११२ | दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुको हवाइउद्धार | त्रैमासिक | प्रतिशत | १०० | १०० | १०० | ९९ | ९९ |
| ११३ | परिवार तथा आफन्त नभएका बेवारिसे तथा असहाय बालबालिकाको बालगृहमा पुनर्स्थापना | त्रैमासिक | प्रतिशत | १०० | १०० | १०० | ४४ | ४४ |

| क.सं. | सूचक | समीक्षा अवधि | इकाइ | २०८१ असारको स्थिति | २०८१/८२ को वार्षिक लक्ष्य | २०८१ चैतसम्मको लक्ष्य | २०८१ चैतसम्मको प्रगति | २०८१ साउनदेखि चैतसम्मको प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| ११४ | हराएकामध्ये फेला परेका परिवार तथा आफन्त भएका बालबालिकाको पारिवारिक पुनर्मिलन | त्रैमासिक | प्रतिशत | १०० | १०० | १०० | ८१.०९ | ८१.०९ |
| ११५ | सडक बालबालिकाको उद्धार, पुनर्स्थापना, संरक्षण तथा व्यवस्थापन | त्रैमासिक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| ११६ | आप्रवासी स्रोत केन्द्र/उपकेन्द्र स्थापना र व्यवस्थापन | मासिक | जिल्ला संख्या | ४२ | ३५ | ६८ | ७१ | २९ |
| ११७ | सूचीकृत बेरोजगारमध्ये रोजगार सहायता कार्यक्रमबाट रोजगार पाउने व्यक्ति | मासिक | संख्या (हजारमा) | ५८.१२२ | ६० | ३० | ७.३०६ | ७.३०६ |
| ११८ | पुनःएकीकरण कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या | मासिक | संख्या (हजारमा) | ४ | १ | ४.८ | ४.८ | ०.८ |
| ११९ | वैदेशिक रोजगारमा जाने सीपयुक्त संख्या | मासिक | प्रतिशत | ० | ८० | ५० | ७०.४४ | ७०.४४ |
| १२० | छोटो अवधिको रोजगार उन्मुख व्यावसायिक सीपमूलक तालिम लिनेको संख्या | मासिक | संख्या (हजारमा) | ९.४१९ | ३० | १५ | ०.२ | ०.२ |
| १२१ | सामाजिक सुरक्षा योजनामा समावेश हुने प्रतिष्ठान/रोजगारदाताको संख्या | मासिक | संख्या (हजारमा) | १९.२०४ | १०.७९६ | २४ | २०.३६२ | १.१५८ |
| १२२ | सामाजिक सुरक्षा कोषमा आबद्ध लाभग्राहीको संख्या | मासिक | संख्या (हजारमा) | १४८८ | १०१२ | २१०० | २१५१.३८ | ६६३.३७७ |
| १२३ | पर्यटक आगमन | त्रैमासिक | संख्या (लाखमा) | ११.१७ | १६ | १२.०१४७ | ७.९८८२ | ७.९८८२ |

| क्र.सं. | सूचक | समीक्षा अवधि | इकाइ | २०८१ असारको स्थिति | २०८१/८२ को वार्षिक लक्ष्य | २०८१ चैतसम्मको लक्ष्य | २०८१ चैतसम्मको प्रगति | २०८१ साउनदेखि चैतसम्मको प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| १२४ | अन्तर्राष्ट्रिय उडान गन्तव्य (शहर) मा विस्तार | त्रैमासिक | स्थान | ३० | १ | ३० | ३२ | २ |
| १२५ | भूकम्पबाट क्षतिग्रस्त पुरातात्विक सम्पदा पुनःनिर्माण | त्रैमासिक | संख्या | ८०० | १५ | ८०८ | ८११ | ११ |
| १२६ | ग्रेट हिमालयन ट्रेल निर्माण | त्रैमासिक | कि.मि. | ५६५ | २५ | ५८० | ५८० | १५ |
| १२७ | पर्यटन क्षेत्रको शैक्षिक/तालिम प्राप्त जनशक्ति | त्रैमासिक | संख्या (हजारमा) | १३.८५३ | १४.५ | १० | ३.१७१ | ३.१७१ |
| १२८ | पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलबाट हुने अन्तर्राष्ट्रिय उडान संख्या | मासिक | संख्या | ५ | ५ | ३ | १० | १० |
| १२९ | गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट हुने अन्तर्राष्ट्रिय उडान संख्या | मासिक | संख्या | १२० | १५० | ९५ | ५३८ | ५३८ |
| १३० | प्रतिलिपि अधिकार संरक्षण दर्ता | मासिक | संख्या | २७९६ | २०४ | २९४० | २९६४ | १६८ |
| १३१ | अभिलेखको डिजिटाइजेसन | मासिक | संख्या (हजारमा) | ६०० | ६०० | १०८० | १०९० | ४९० |
| १३२ | पर्यटक स्तरको तारेहोटलमा उपलब्ध बेड संख्या | त्रैमासिक | संख्या (हजारमा) | १८.९०७ | १.०९३ | १९.७ | २०.३४३ | १.४३६ |
| १३३ | स्थानीय तहबाट प्राप्त भएका आवधिक योजनामा पृष्ठपोषण तथा सुझाव प्रदान | मासिक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| १३४ | स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमामा सहजीकरण र पृष्ठपोषण | त्रैमासिक | स्थानीय तह | १२५ | १०० | ८० | ६२ | ६२ |
| १३५ | कर्मचारी प्रशिक्षण/तालिम (अधिकृत स्तर) (थप) | त्रैमासिक | जना | २३५४ | २२०० | १६५० | १५९० | १५९० |

| क.सं. | सूचक | समीक्षा अवधि | इकाइ | २०८१ असारको स्थिति | २०८१/८२ को वार्षिक लक्ष्य | २०८१ चैतसम्मको लक्ष्य | २०८१ चैतसम्मको प्रगति | २०८१ साउनदेखि चैतसम्मको प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| १३६ | सेवाग्राही सन्तुष्टि सर्भेक्षण | त्रैमासिक | कार्यालय | १६ | २० | १५ | ७ | ७ |
| १३७ | कर्मचारी सेवाकालीन तालिम (राजपत्र अनंकित तथा स्थानीय तहका अधिकृत समेत) | त्रैमासिक | जना | ७४१ | ४८० | ३६० | ३३७ | ३३७ |
| १३८ | निजामती अस्पतालबाट औसत प्रतिदिन वहिरंग सेवा प्रदान | मासिक | जना | ९०८ | १००५ | १००५ | १०८६ | १०८६ |
| १३९ | व्यवस्थापन परीक्षण गरिएका निकाय | त्रैमासिक | निकाय संख्या | १६ | ३० | २५ | ९ | ९ |
| १४० | रेडियोको राष्ट्रिय पहुँच | अर्ध वार्षिक | प्रतिशत | ९३ | २ | ९४ | ९४ | १ |
| १४१ | २४ कोर माथिको अप्टिकल फाइवर विस्तार | मासिक | कि.मि. | १५००० | ३००० | १७२५० | १७६४९ | २६४९ |
| १४२ | फिक्स ब्रोडव्याण्ड सेवा विस्तार | मासिक | प्रतिशत | ४३ | ३ | ४५.२५ | ४६.९१ | ३.९१ |
| १४३ | मोबाइल सेवा विस्तार | त्रैमासिक | प्रतिशत | ९७ | १ | ९७.७५ | १००.४१८ | ३.४१८ |
| १४४ | FTTH सेवा विस्तार | अर्ध वार्षिक | जिल्ला संख्या | ७६ | १ | ७७ | ७७ | १ |
| १४५ | नागरिक एपमा आबद्ध सरकारी सेवा | त्रैमासिक | संख्या | ६२ | ८ | ६८ | ६५ | ३ |
| १४६ | फोर जी/एल.टी.ई. सेवा विस्तार | त्रैमासिक | प्रतिशत | ७० | १० | ७७ | ८९.५८ | १९.५८ |
| १४७ | GIOMS लागु भएका सरकारी कार्यालय | मासिक | संख्या | ५८ | ५२ | १०० | १२० | ६२ |
| १४८ | स्वास्थ्य संस्थाबाट प्रसुति सेवा लिने महिला | मासिक | प्रतिशत | ७५ | ८० | ६६.७ | ५२ | ५२ |
| १४९ | चौथो पटकसम्म गर्भवती जाँच गर्ने महिला | मासिक | प्रतिशत | ८५ | ९० | ६७.५ | ५४ | ५४ |


| क्र.सं. | सूचक | समीक्षा अवधि | इकाइ | २०८१ असारको स्थिति | २०८१/८२ को वार्षिक लक्ष्य | २०८१ चैतसम्मको लक्ष्य | २०८१ चैतसम्मको प्रगति | २०८१ साउनदेखि चैतसम्मको प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| १५० | दक्ष स्वास्थ्यकर्मीद्धारा प्रसुति सेवा प्राप्त गर्ने महिला | मासिक | प्रतिशत | ७० | ८० | ६० | ४८ | ४८ |
| १५१ | तोकिए बमोजिम सबै खोप प्राप्त बालबालिका | मासिक | प्रतिशत | ९० | ९५ | ७१ | ६१ | ६१ |
| १५२ | क्षयरोग Case Notification Rate प्रति १ लाख जनसङ्ख्या | मासिक | जना | १३३ | १३० | ९६ | ८३ | ८३ |
| १५३ | क्षयरोग उपचार सफलता दर | त्रैमासिक | प्रतिशत | ९२ | ९५ | ९४ | ९२ | ९२ |
| १५४ | आयुर्वेद सेवा प्राप्त गर्ने जनसङ्ख्या | मासिक | जना (हजारमा) | २१०० | २४०० | १८०० | १४४१ | १४४१ |
| १५५ | नि:शुल्क मिर्गौला प्रत्यारोपण भएका व्यक्ति | त्रैमासिक | जना | २८० | ४०० | ३०० | २१० | २१० |
| १५६ | नि:शुल्क मुटु रोग उपचार पाएका व्यक्ति | त्रैमासिक | जना (हजारमा) | ६ | ७ | ५.३ | ५.१२२ | ५.१२२ |
| १५७ | रू. ५ हजार प्रदान गरिएका मृगौंला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर भएका व्यक्तिहरू र मेरूदण्ड पक्षघात भएका बिरामी संख्या | त्रैमासिक | जना (हजारमा) | ३५ | ४५ | ३४ | १७.७ | १७.७ |
| १५८ | स्वास्थ्य बिमामा आवद्ध जनसङ्ख्या | त्रैमासिक | प्रतिशत | २८ | ३२ | ५० | ३२ | ४ |
| १५९ | आधारभूत अस्पताल सञ्चालन भएका स्थानीय तह | त्रैमासिक | संख्या | २८ | ७२ | ७५ | १६९ | १४१ |
| १६० | चिकित्सक कार्यरत स्थानीय तह | त्रैमासिक | स्थानीय तह | | ४०० | ३५० | २८२ | २८२ |
| १६१ | परियोजना पहिचान नोट (PIN) तयार | त्रैमासिक | संख्या | ० | १० | ६ | ५ | ५ |

| क्र.सं. | सूचक | समीक्षा अवधि | इकाइ | २०८१ असारको स्थिति | २०८१/८२ को वार्षिक लक्ष्य | २०८१ चैतसम्मको लक्ष्य | २०८१ चैतसम्मको प्रगति | २०८१ साउनदेखि चैतसम्मको प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| १६२ | लगानी स्वीकृति | त्रैमासिक | रू. अर्ब | ० | १०० | ७० | ५० | ५० |

* *नेपाल राष्ट्र बैंकबाट प्रकाशित फागुन महिनासम्मको आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदन अनुसार*

महालेखा नियन्त्रक कार्यालयबाट प्रकाशित विवरण अनुसार २०८१ चैत महिनासम्म नेपाल सरकारको कुल पुँजीगत खर्चको प्रगति २९.२ प्रतिशत रहेकोमा उक्त राष्ट्रिय औसतभन्दा बढी पुँजीगत खर्च गर्ने मन्त्रालयहरूमा गृह, भौतिक पूर्वाधार तथा यातायात, ऊर्जा, जलस्रोत तथा सिँचाइ, कृषि तथा पशुपन्छी विकास र भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण गरी ५ वटा मन्त्रालय/कार्यालय रहेका छन् भने १७ वटा मन्त्रालय/कार्यालयको पुँजीगत खर्च राष्ट्रिय औसतभन्दा कम भएको देखिएको छ।

**लेखाचित्रः १- मन्त्रालयहरूको पुंजीगत खर्चको विवरण (प्रतिशत)**



# ३. राजस्व सङ्कलन र खर्चसम्बन्धी प्रगति स्थिति

## ३.१ राजस्व सङ्कलनको प्रगति स्थिति


महालेखा नियन्त्रक कार्यालयबाट प्रकाशित विवरणअनुसार २०८१ चैत मसान्तसम्ममा वार्षिक कर राजस्व लक्ष्यको ५७.९५ प्रतिशत, वार्षिक गैरकर राजस्व लक्ष्यको ६४.५९ प्रतिशत र कुल राजस्व लक्ष्यको ५८.५८ प्रतिशत सङ्कलन भएको छ।

**तालिकाः२- राजस्व सङ्कलनको प्रगति स्थिति (रू. अर्बमा)**

| राजस्व | वार्षिक लक्ष्य | २०८१ चैत मसान्तसम्म सङ्कलित राजस्व | प्रगति प्रतिशत |
|---|---|---|---|
| कर राजस्व | १२८४.२०९६ | ७४४.१५३९ | ५७.९५ |
| गैरकर राजस्व | १३५.०९३४ | ८७.२५०६ | ६४.५९ |
| **कुल** | **१४१९.३०३०** | **८३१.४०४५** | **५८.५८** |

सम्वत् २०८० चैत महिनासम्ममा कर राजस्व लक्ष्यको ५१.४१ प्रतिशत र गैरकर राजस्व लक्ष्यको ६५.७१ प्रतिशत गरी कुल राजस्व लक्ष्यको ५२.५८ प्रतिशत सङ्कलन भएको थियो। वार्षिक बिन्दुगत आधारमा विश्लेषण गर्दा समग्रमा राजस्व सङ्कलनमा सुधार भएको देखिन्छ।

**लेखाचित्रः २ - लक्ष्यको तुलनामा राजस्व सङ्कलन (प्रतिशत)**



## ३.२ खर्चसम्बन्धी प्रगति स्थिति


महालेखा नियन्त्रक कार्यालयबाट प्रकाशित विवरणअनुसार नेपाल सरकारद्वारा विनियोजित कुल बजेटमध्ये चालु आर्थिक वर्षको चैत मसान्तसम्ममा ५३.६८ प्रतिशत खर्च भएको छ। यसमध्ये चालुतर्फ ५९.४५ प्रतिशत, पुँजीगततर्फ २९.२० प्रतिशत तथा वित्तीय व्यवस्थातर्फ ५९.२३ प्रतिशत खर्च भएको छ।

**तालिकाः३- सरकारी खर्चको प्रगति स्थिति (रू. अर्बमा)**

| विषय | चालु | पुँजीगत | वित्तीय | कुल |
|---|---|---|---|---|
| कुल बजेट | ११४०.६६४५ | ३५२.३५४ | ३६७.२८४५ | १८६०.३०३ |
| २०८१ चैतसम्मको खर्च | ६७८.०९०३ | १०२.९००८ | २१७.५३०१ | ९९८.५२१२ |
| खर्च प्रतिशत | **५९.४५** | **२९.२०** | **५९.२३** | **५३.६८** |

आर्थिक वर्ष २०८०/८१ को चैत महिनासम्म चालुतर्फ ५६.४१ प्रतिशत, पुँजीगततर्फ ३२.२४ प्रतिशत तथा वित्तीय व्यवस्थातर्फ ५४.६४ प्रतिशत गरी कुल ५१.९३ प्रतिशत खर्च भएको थियो। चालु आर्थिक वर्षको खर्च प्रतिशतलाई गत आर्थिक वर्षको चैत महिनासम्मको खर्च प्रतिशत स्थितिसँग तुलना गर्दा चालु आर्थिक वर्षमा चालु खर्च र वित्तीय खर्च प्रतिशतमा केही बढोत्तरी भएको छ भने पुँजीगत खर्च प्रतिशतमा केही कमी देखिएको छ।

**लेखाचित्रः ३ - लक्ष्यको तुलनामा कुल खर्च (प्रतिशत)**




# ४. क्रियाकलाप तथा माइलस्टोनको प्रगति स्थिति

## ४.१ क्रियाकलापको प्रगति स्थिति

आ.व. २०८१/८२ का लागि विभिन्न २८ वटा निकायहरूको कार्ययोजनामा समावेश भएका कुल १,०१० वटा क्रियाकलापमध्ये चैत मसान्तसम्म सम्पन्न हुनुपर्ने गरी ३३० वटा क्रियाकलाप तय गरिएका थिए। तय गरिएका क्रियाकलापमध्ये यस अवधिसम्ममा १४.२ प्रतिशत सम्पन्न, ८२.१ प्रतिशत चालु र ३.७ प्रतिशत सुरु हुन नसकेको देखिन्छ।

**लेखाचित्र: ४- चैत महिनासम्म सम्पन्न हुनुपर्ने क्रियाकलापको प्रगति स्थिति**




सम्पन्न हुनुपर्ने क्रियाकलापको प्रगति स्थिति क्षेत्रगत रूपमा हेर्दा आर्थिक क्षेत्रका सबैभन्दा बढी २१.७ प्रतिशत सम्पन्न भएको देखिन्छ भने सबैभन्दा कम पूर्वाधार क्षेत्रका ७ प्रतिशत क्रियाकलाप सम्पन्न भएको देखिन्छ।


**तालिका:४- क्रियाकलापको प्रगति स्थिति**

| क्षेत्र | कुल क्रियाकलाप | २०८१ चैत महिनासम्म | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | सम्पन्न हुनुपर्ने | सम्पन्न | | चालु | | सुरु नभएका | |
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| आर्थिक | २७७ | ८३ | १८ | २१.७ | ६२ | ७४.७ | ३ | ३.६ |
| पूर्वाधार | ३४७ | ८६ | ६ | ७.० | ७७ | ८९.५ | ३ | ३.५ |
| शासकीय सुधार | २३४ | ८६ | १७ | १९.८ | ६५ | ७५.६ | ४ | ४.७ |
| सामाजिक | १५२ | ७५ | ६ | ८.० | ६७ | ८९.३ | २ | २.७ |
| **कुल** | **१०१०** | **३३०** | **४७** | **१४.२** | **२७१** | **८२.१** | **१२** | **३.७** |

## ४.२ माइलस्टोनको प्रगति स्थिति


आर्थिक वर्ष २०८१/८२ का लागि कुल १,९६१ वटा माइलस्टोन निर्धारण गरिएकामा चैत महिनासम्म सम्पन्न हुनुपर्ने गरी १,०२६ वटा माइलस्टोनको लक्ष्य निर्धारण गरिएको थियो। लक्ष्य निर्धारण भएका माइलस्टोनमध्ये ४८.४ प्रतिशत सम्पन्न, ४३.२ प्रतिशत चालु र ८.४ प्रतिशत सुरु नभएको अवस्थामा देखिएका छन्।

**लेखाचित्रः ५- चैत महिनासम्म सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगति स्थिति**




चैत महिनाभित्र सम्पन्न हुनुपर्ने विगत दुई वर्षको माइलस्टोनको प्रगति स्थिति तुलना गर्दा गत वर्ष यही अवधिको तुलनामा माइलस्टोन सम्पन्न प्रतिशत १०.४ अङ्कले बढेको देखिन्छ भने चालु अवस्थामा रहेका माइलस्टोन तथा कार्य सुरू नभएका माइलस्टोनको प्रतिशत क्रमशः ५.८ अङ्क र ४.६ अङ्कले घटेको देखिन्छ।

**लेखाचित्रः ६- सम्पन्न हुनुपर्ने माइलस्टोनको तुलना (प्रतिशत)**




क्षेत्रगत रूपमा चैत महिनाभित्र सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगति स्थिति विश्लेषण गर्दा शासकीय सुधार क्षेत्रको सबैभन्दा धेरै ५६.१ प्रतिशत माइलस्टोन सम्पन्न भएका छन् भने पूर्वाधार क्षेत्रको सबैभन्दा कम ४१ प्रतिशत सम्पन्न भएका छन्। सामाजिक क्षेत्रको १०.८ प्रतिशत माइलस्टोन सुरु नै हुन सकेका छैनन्।

### तालिका: ५- सम्पन्न हुनुपर्ने माइलस्टोनको क्षेत्रगत प्रगति स्थिति

| क्षेत्र | कुल माइलस्टोन | २०८१ चैत महिनाभित्र | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | सम्पन्न हुनुपर्ने | सम्पन्न | | चालु | | सुरु नभएका | |
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| आर्थिक | ५३२ | २५८ | १२६ | ४८.८ | ११६ | ४५.० | १६ | ६.२ |
| पूर्वाधार | ६५२ | २९३ | १२० | ४१.० | १४५.० | ४९.५ | २८ | ९.६ |
| शासकीय सुधार | ४६४ | २५३ | १४२ | ५६.१ | ९३ | ३६.८ | १८ | ७.१ |
| सामाजिक | ३१३ | २२२ | १०९ | ४९.१ | ८९ | ४०.१ | २४ | १०.८ |
| **कुल** | **१९६१** | **१०२६** | **४९७** | **४८.४** | **४४३** | **४३.२** | **८६** | **८.४** |


चालु आर्थिक वर्षको चैत महिनाभित्र सम्पन्न हुनुपर्ने क्षेत्रगत माइलस्टोनको सम्पन्न अवस्थालाई विगत ३ वर्षको यसै अवधिको सम्पन्न अवस्थासँग तुलना गर्दा आर्थिक, पूर्वाधार, शासकीय सुधार र सामाजिक चार वटै क्षेत्रको माइलस्टोनको सम्पन्न प्रतिशत चालु आर्थिक वर्षमा क्रमिक रूपमा सुधार भएतापनि सन्तोषजनक अवस्था भने देखिंदैन।

### लेखाचित्र: ७- चैत महिनासम्म सम्पन्न हुनुपर्ने क्षेत्रगत माइलस्टोनको तुलनात्मक स्थिति



त्यसैगरी, चैत महिनासम्ममा प्रारम्भ भई क्रमशः निश्चित लक्ष्य हासिल गर्दै चैत पछाडिको महिनामा सम्पन्न हुने भनी निर्धारण गरिएका ६२५ माइलस्टोनमध्ये ५ प्रतिशत माइलस्टोन निर्धारित समय अगावै सम्पन्न भएका, ४७.२ प्रतिशत लक्ष्य प्राप्त भएका, ४३.८ प्रतिशत लक्ष्य प्राप्त नभएका र ४ प्रतिशत सुरु हुन नसकेको अवस्थामा छन्।

### लेखाचित्र: ८- चैत महिनाभित्र सुरु हुनुपर्ने माइलस्टोनको प्रगति स्थिति




चैत महिनाभित्र सुरु भई निश्चित लक्ष्य हासिल गरी पछिल्लो महिनामा सम्पन्न हुनुपर्ने ६२५ वटा माइलस्टोनको प्रगति क्षेत्रगत रूपमा विश्लेषण गर्दा पूर्वाधार क्षेत्रका सबैभन्दा बढी ५२.३ प्रतिशत र सामाजिक क्षेत्रका सबैभन्दा कम ३१.९ प्रतिशत माइलस्टोनले लक्ष्य प्राप्त गरेको देखिन्छ। त्यसैगरी, आर्थिक क्षेत्रका ९ वटा, पूर्वाधार क्षेत्रका ५ वटा, शासकीय सुधार क्षेत्रका १४ वटा र सामाजिक क्षेत्रका ३ वटा गरी जम्मा ३१ वटा माइलस्टोन निर्धारित समय अगावै सम्पन्न भएका छन्।

### तालिका: ६- चैत महिनाभित्र सुरु भई निश्चित लक्ष्य हासिल हुनुपर्ने माइलस्टोनको प्रगति स्थिति

| क्षेत्र | कुल माइलस्टोन | २०८१ चैत महिनाभित्र | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सुरु हुनुपर्ने | सम्पन्न | | लक्ष्य प्राप्त भएका | | लक्ष्य प्राप्त नभएका | | सुरु नभएका | |
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| आर्थिक | ५३२ | १७२ | ९ | ५.२ | ७५ | ४३.६ | ७९ | ४५.९ | ९ | ५.२ |
| पूर्वाधार | ६५२ | २६६ | ५ | १.९ | १३९ | ५२.३ | ११२ | ४२.१ | १० | ३.८ |
| शासकीय सुधार | ४६४ | १४० | १४ | १०.० | ६६ | ४७.१ | ५४ | ३८.६ | ६ | ४.३ |
| सामाजिक | ३१३ | ४७ | ३ | ६.४ | १५ | ३१.९ | २९ | ६१.७ | ० | ०.० |
| **कुल** | **१९६१** | **६२५** | **३१** | **५.०** | **२९५** | **४७.२** | **२७४** | **४३.८** | **२५** | **४.०** |

## ५. क्षेत्रगत प्रगति स्थिति

### ५.१ आर्थिक क्षेत्रको प्रगति स्थिति

### ५.१.१ आर्थिक क्षेत्रका क्रियाकलापको प्रगति स्थिति

यस क्षेत्रसँग सम्बन्धित मन्त्रालय/निकायहरूको २०८१ चैत महिनाभित्र सम्पन्न हुनुपर्ने ८३ वटा क्रियाकलापहरूको प्रगति स्थिति हेर्दा २१.७ प्रतिशत सम्पन्न, ७४.७ प्रतिशत चालु अवस्थामा रहेका र ३.६ प्रतिशत कार्य सुरु नभएको देखिएको छ। क्रियाकलाप सम्पादनको तुलना गर्दा सबैभन्दा बढी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको ३३.३ प्रतिशत क्रियाकलाप सम्पन्न भएको देखिएको छ भने भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र लगानी बोर्डको कार्यालयका सबै क्रियाकलाप चालु अवस्थामा रहेका छन्।

**तालिकाः ७- क्रियाकलापको प्रगति स्थितिः आर्थिक क्षेत्र**

| क्र.सं. | मन्त्रालय/निकाय | कुल क्रियाकलाप | चैत महिनासम्म सम्पन्न हुनुपर्ने | सम्पन्न | | चालु | | कार्य सुरु नभएका | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | उद्योग, वाणिज्य तथा आपूर्ति | ३६ | १५ | ५ | ३३.३ | १० | ६६.७ | ० | ०.० |
| २ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | ३३ | ७ | २ | २८.६ | ५ | ७१.४ | ० | ०.० |
| ३ | अर्थ | ७७ | ३७ | ९ | २४.३ | २६ | ७०.३ | २ | ५.४ |
| ४ | कृषि तथा पशुपन्छी विकास | ५१ | ६ | १ | १६.७ | ४ | ६६.७ | १ | १६.७ |
| ५ | वन तथा वातावरण | ४३ | ७ | १ | १४.३ | ६ | ८५.७ | ० | ०.० |
| ६ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण | २४ | ९ | ० | ०.० | ९ | १००.० | ० | ०.० |
| ७ | लगानी बोर्डको कार्यालय | १३ | २ | ० | ०.० | २ | १००.० | ० | ०.० |
| | कुल | २७७ | ८३ | १८ | २१.७ | ६२ | ७४.७ | ३ | ३.६ |

### ५.१.२ आर्थिक क्षेत्रको माइलस्टोनको प्रगति स्थिति

आर्थिक क्षेत्र अन्तर्गतका मन्त्रालय/निकायहरूको चैत मसान्तसम्म सम्पन्न हुनुपर्ने २५८ माइलस्टोनको समग्र स्थिति हेर्दा ४८.८ प्रतिशत सम्पन्न भएका, ४५ प्रतिशत चालु अवस्थामा रहेका र ६.२ प्रतिशत माइलस्टोन सुरु हुन सकेका छैनन्। चैत महिनासम्ममा सम्पन्न हुनुपर्ने माइलस्टोनको सम्पन्न स्थितिलाई तुलनात्मक रूपमा हेर्दा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको सबैभन्दा बढी ७१ प्रतिशत सम्पन्न भएको देखिएको छ भने लगानी बोर्डको कार्यालयको सबैभन्दा कम २५ प्रतिशत माइलस्टोन सम्पन्न भएको देखिएको छ। त्यसैगरी, अर्थ मन्त्रालयको १४.१ प्रतिशत माइलस्टोन सुरु हुन नसकेको देखिएको छ।


## तालिकाः ८- सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगति स्थितिः आर्थिक क्षेत्र

| क्र.सं. | मन्त्रालय/ निकाय | माइलस्टोन संख्या | चैत महिनासम्म सम्पन्न हुनुपर्ने | चैत महिनासम्म सम्पन्न हुनुपर्नेमध्ये | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सम्पन्न | | चालु | | सुरु नभएको | |
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण | ५८ | ३१ | २२ | ७१.० | ९ | २९.० | ० | ०.० |
| २ | कृषि तथा पशुपन्छी विकास | ९२ | २५ | १४ | ५६.० | १० | ४०.० | १ | ४.० |
| ३ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | ६५ | ३४ | १८ | ५२.९ | १६ | ४७.१ | ० | ०.० |
| ४ | उद्योग, वाणिज्य तथा आपूर्ति | ७१ | ४१ | २० | ४८.८ | २० | ४८.८ | १ | २.४ |
| ५ | अर्थ * | १३७ | ८५ | ३८ | ४४.७ | ३५ | ४१.२ | १२ | १४.१ |
| ६ | वन तथा वातावरण | ९३ | ३८ | १३ | ३४.२ | २३ | ६०.५ | २ | ५.३ |
| ७ | लगानी बोर्डको कार्यालय | १६ | ४ | १ | २५.० | ३ | ७५.० | ० | ०.० |
| | **कुल** | **५३२** | **२५८** | **१२६** | **४८.८** | **११६** | **४५.०** | **१६** | **६.२** |

* संयुक्त राज्य अमेरिकाको वैदेशिक सहायतासम्बन्धी सहयोग रोक्का भएका कारण अर्थ मन्त्रालयको ७ वटा माइलस्टोन प्रभावित भएको देखिएको

आर्थिक क्षेत्रसँग सम्बन्धित मन्त्रालय/ निकायहरूका चैत महिनाभित्र सम्पन्न हुनुपर्ने विगत वर्षको माइलस्टोनको प्रगति स्थिति तुलना गर्दा माइलस्टोनको सम्पन्न प्रतिशत ८.८ अङ्कले बढेको, चालु अवस्थामा रहेका माइलस्टोन प्रतिशत ८.६ अङ्कले घटेको र कार्य सुरु नभएका माइलस्टोनको प्रतिशत नगण्य अङ्कले घटेको देखिएको छ।

### लेखाचित्रः ९- सम्पन्न हुनुपर्ने माइलस्टोनको तुलनात्मक प्रगति स्थितिः आर्थिक क्षेत्र




आर्थिक क्षेत्र अन्तर्गतका चैत महिनाभित्र सुरु भई निश्चित लक्ष्य प्राप्त गरी पछिल्लो महिनामा सम्पन्न हुने १७२ वटा माइलस्टोनको समग्र स्थिति हेर्दा ५.२ प्रतिशत माइलस्टोन निर्धारित

समय अगावै सम्पन्न भएका, ४३.६ प्रतिशत माइलस्टोनले लक्ष्य हासिल गरेका, ४५.९ प्रतिशत माइलस्टोनले लक्ष्य हासिल गर्न नसकेका र ५.२ प्रतिशत माइलस्टोन सुरु हुन नसकेको देखिएको छ। तुलनात्मक रूपमा हेर्दा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको ७२.७ प्रतिशत माइलस्टोनले चैत महिनासम्मका लागि निर्धारित लक्ष्य प्राप्त गरेका छन् भने अर्थ मन्त्रालयको १४.३ प्रतिशत माइलस्टोन सुरु हुन नसकेको देखिएको छ। त्यसैगरी, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको ४ वटा, वन तथा वातावरण मन्त्रालय र लगानी बोर्डको कार्यालयको २/२ वटा तथा अर्थ मन्त्रालयको १ वटा गरी जम्मा ९ वटा माइलस्टोन निर्धारित समय अगावै सम्पन्न भएको देखिन्छ।

**तालिकाः ९- सुरु भई निश्चित लक्ष्य हासिल हुनुपर्ने माइलस्टोनको प्रगति स्थितिः आर्थिक क्षेत्र**

| क.सं. | मन्त्रालय/निकाय | चैत महिनाभित्र सुरु हुनुपर्ने | सम्पन्न | | लक्ष्य प्राप्त भएका | | लक्ष्य प्राप्त नभएका | | कार्य सुरु नभएका | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण | ११ | ० | ०.० | ८ | ७२.७ | ३ | २७.३ | ० | ०.० |
| २ | कृषि तथा पशुपन्छी विकास* | ५५ | ० | ०.० | ३० | ५४.५ | २३ | ४१.८ | २ | ३.६ |
| ३ | वन तथा वातावरण | ४१ | २ | ४.९ | १७ | ४१.५ | २० | ४८.८ | २ | ४.९ |
| ४ | अर्थ * | २८ | १ | ३.६ | १० | ३५.७ | १३ | ४६.४ | ४ | १४.३ |
| ५ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | १२ | ० | ०.० | ४ | ३३.३ | ८ | ६६.७ | ० | ०.० |
| ६ | उद्योग, वाणिज्य तथा आपूर्ति | २० | ४ | २०.० | ६ | ३०.० | ९ | ४५.० | १ | ५.० |
| ७ | लगानी बोर्डको कार्यालय | ५ | २ | ४०.० | ० | ०.० | ३ | ६०.० | ० | ०.० |
| | **कुल** | **१७२** | **९** | **५.२** | **७५** | **४३.६** | **७९** | **४५.९** | **९** | **५.२** |

* संयुक्त राज्य अमेरिकाको वैदेशिक सहायतासम्बन्धी सहयोग रोक्का भएका कारण कृषि तथा पशुपन्छी विकास मन्त्रालयको २ वटा र अर्थ मन्त्रालयको १ वटा माइलस्टोन प्रभावित भएको देखिएको

## ५.२ पूर्वाधार क्षेत्रको प्रगति स्थिति

### ५.२.१ पूर्वाधार क्षेत्रको क्रियाकलापको प्रगति स्थिति

पूर्वाधार क्षेत्रसँग सम्वन्धित मन्त्रालय/निकायहरूको २०८१ चैत महिनाभित्र सम्पन्न हुनुपर्ने कुल ८६ क्रियाकलापको अवस्था हेर्दा ७ प्रतिशत सम्पन्न, ८९.५ प्रतिशत चालु र ३.५ प्रतिशत सुरु नभएको देखिन्छ। क्रियाकलाप सम्पादनको तुलनात्मक स्थिति हेर्दा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको सबैभन्दा बढी १२.५ प्रतिशत सम्पन्न भएको देखिएको छ भने खानेपानी मन्त्रालयको

चैत महिनासम्म सम्पन्न हुनुपर्ने ६ वटै क्रियाकलापहरू चालु अवस्थामा रहेका छन्। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको ७ वटा क्रियाकलापहरू चालु अवस्थामा र एउटा क्रियाकलाप सुरु नै हुन नसकेको देखिएको छ।

**तालिकाः १०- क्रियाकलापको प्रगति स्थितिः पूर्वाधार क्षेत्र**

| क्र.सं. | मन्त्रालय/निकाय | कुल क्रियाकलाप | चैत महिनासम्म सम्पन्न हुनुपर्ने | सम्पन्न | | चालु | | कार्य सुरु नभएका | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ऊर्जा, जलस्रोत तथा सिँचाइ | १०५ | १६ | २ | १२.५ | १४ | ८७.५ | ० | ०.० |
| २ | शहरी विकास | ११६ | २७ | ३ | ११.१ | २२ | ८१.५ | २ | ७.४ |
| ३ | सञ्चार तथा सूचना प्रविधि | ४३ | २९ | १ | ३.४ | २८ | ९६.६ | ० | ०.० |
| ४ | भौतिक पूर्वाधार तथा यातायात | ५१ | ८ | ० | ०.० | ७ | ८७.५ | १ | १२.५ |
| ५ | खानेपानी | ३२ | ६ | ० | ०.० | ६ | १००.० | ० | ०.० |
| | **कुल** | **३४७** | **८६** | **६** | **७.०** | **७७** | **८९.५** | **३** | **३.५** |

## ५.२.२ पूर्वाधार क्षेत्रको माइलस्टोनको प्रगति स्थिति


पूर्वाधार क्षेत्र अन्तर्गतका मन्त्रालयहरूको चैत मसान्तसम्म सम्पन्न हुनुपर्ने २९३ माइलस्टोनको समग्र स्थिति हेर्दा ४१ प्रतिशत सम्पन्न, ४९.५ प्रतिशत चालु अवस्थामा रहेका र ९.६ प्रतिशत माइलस्टोन सुरु हुन सकेका छैनन्। सम्पन्न हुनुपर्ने माइलस्टोनको स्थितिलाई तुलनात्मक रूपमा हेर्दा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको सबैभन्दा बढी ५४ प्रतिशत सम्पन्न भएको देखिएको छ भने भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सबैभन्दा कम २५.७ प्रतिशत माइलस्टोन सम्पन्न भएको देखिएको छ। त्यसैगरी, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको १७.१ प्रतिशत माइलस्टोन सुरु हुन नसकेको देखिएको छ।

**तालिकाः ११- सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगति स्थितिः पूर्वाधार क्षेत्र**

| क्र.सं. | मन्त्रालय/ निकाय | माइलस्टोन संख्या | चैत महिनासम्म सम्पन्न हुनुपर्ने | चैत महिनासम्म सम्पन्न हुनुपर्नेमध्ये | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सम्पन्न | | चालु | | सुरु नभएको | |
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ऊर्जा, जलस्रोत तथा सिँचाइ | २२३ | ८७ | ४७ | ५४.० | ३४ | ३९.१ | ६ | ६.९ |
| २ | खानेपानी | ६५ | २७ | १२ | ४४.४ | ११ | ४०.७ | ४ | १४.८ |
| ३ | सञ्चार तथा सूचना प्रविधि | ८१ | ६१ | २५ | ४१.० | ३५ | ५७.४ | १ | १.६ |
| ४ | शहरी विकास | १८५ | ८३ | २७ | ३२.५ | ४५ | ५४.२ | ११ | १३.३ |
| ५ | भौतिक पूर्वाधार तथा यातायात | ९८ | ३५ | ९ | २५.७ | २० | ५७.१ | ६ | १७.१ |
| | **कुल** | **६५२** | **२९३** | **१२०** | **४१.०** | **१४५** | **४९.५** | **२८** | **९.६** |

पूर्वाधार क्षेत्र अन्तर्गतका मन्त्रालयहरूको चैत महिनाभित्र सम्पन्न हुनुपर्ने विगत वर्षको प्रगति स्थिति तुलना गर्दा सम्पन्न प्रतिशत २०.७ अङ्कले बढेको, चालु अवस्थामा रहेका तथा सुरु नभएका माइलस्टोन क्रमशः ८.४ अङ्क र १२.२ अङ्कले घटेको देखिएको छ।

**लेखाचित्रः १०- सम्पन्न हुनुपर्ने माइलस्टोनको तुलनात्मक प्रगति स्थितिः पूर्वाधार क्षेत्र**




पूर्वाधार क्षेत्र अन्तर्गतका चैत महिनाभित्र सुरु भई निश्चित लक्ष्य प्राप्त गरी पछिल्लो महिनामा सम्पन्न हुने २६६ वटा माइलस्टोनको समग्र स्थिति हेर्दा १.९ प्रतिशत माइलस्टोन निर्धारित समय अगावै सम्पन्न भएका, ५२.३ प्रतिशत माइलस्टोनले लक्ष्य हासिल गरेका, ४२.१ प्रतिशत माइलस्टोनले लक्ष्य हासिल गर्न नसकेका र ३.८ प्रतिशत माइलस्टोन सुरु हुन नसकेको देखिएको छ। तुलनात्मक रूपमा हेर्दा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सबैभन्दा बढी ७८.६ प्रतिशत माइलस्टोनले चैत महिनासम्मका लागि निर्धारित लक्ष्य प्राप्त गरेका छन् भने खानेपानी मन्त्रालयको सबैभन्दा कम २८.१ प्रतिशत माइलस्टोनले लक्ष्य प्राप्त गरेका छन्। त्यसैगरी, शहरी विकास र खानेपानी मन्त्रालयको २/२ वटा तथा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको १ वटा गरी जम्मा ५ वटा माइलस्टोन निर्धारित समय अगावै सम्पन्न भएको देखिएको छ।

**तालिकाः १२- सुरु भई निश्चित लक्ष्य हासिल हुनुपर्ने माइलस्टोनको प्रगति स्थितिः पूर्वाधार क्षेत्र**

| क.सं. | मन्त्रालय/निकाय | चैत महिनाभित्र सुरु हुनुपर्ने | सम्पन्न | | लक्ष्य प्राप्त भएका | | लक्ष्य प्राप्त नभएका | | कार्य सुरु नभएका | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | सञ्चार तथा सूचना प्रविधि | १४ | ० | ०.० | ११ | ७८.६ | ३ | २१.४ | ० | ०.० |
| २ | ऊर्जा, जलस्रोत तथा सिँचाइ | ११७ | १ | ०.९ | ७३ | ६२.४ | ३७ | ३१.६ | ६ | ५.१ |
| ३ | भौतिक पूर्वाधार तथा यातायात | ४१ | ० | ०.० | २१ | ५१.२ | १९ | ४६.३ | १ | २.४ |
| ४ | शहरी विकास | ६२ | २ | ३.२ | २५ | ४०.३ | ३४ | ५४.८ | १ | १.६ |
| ५ | खानेपानी | ३२ | २ | ६.३ | ९ | २८.१ | १९ | ५९.४ | २ | ६.३ |
| कुल | | २६६ | ५ | १.९ | १३९ | ५२.३ | ११२ | ४२.१ | १० | ३.८ |

## ५.३ शासकीय सुधार क्षेत्रको प्रगति स्थिति

### ५.३.१ शासकीय सुधार क्षेत्रको क्रियाकलापको प्रगति स्थिति

यस शासकीय सुधार क्षेत्रसँग सम्बन्धित मन्त्रालय/निकायहरूको २०८१ चैत महिनाभित्र सम्पन्न हुनुपर्ने कुल ८६ क्रियाकलापको अवस्था हेर्दा १९.८ प्रतिशत सम्पन्न, ७५.६ प्रतिशत चालु र ४.७ प्रतिशत सुरु नभएको देखिन्छ। क्रियाकलाप सम्पादनको तुलनात्मक स्थिति हेर्दा नेपाल ट्रष्टको कार्यालयको चैत महिनासम्म सम्पन्न हुनुपर्ने गरी निर्धारित १ वटा क्रियाकलाप सम्पन्न भएको देखिएको छ भने परराष्ट्र मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय सतर्कता केन्द्र र सार्वजनिक खरिद अनुगमन कार्यालयको सबै क्रियाकलापहरू चालु अवस्थामा रहेका छन्।

**तालिकाः १३- क्रियाकलापको प्रगति स्थितिः शासकीय सुधार क्षेत्र**

| क.सं. | मन्त्रालय/निकाय | कुल क्रियाकलाप | चैत महिनासम्म सम्पन्न हुनुपर्ने | सम्पन्न | | चालु | | कार्य सुरु नभएका | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | नेपाल ट्रष्टको कार्यालय | ३ | १ | १ | १००.० | ० | ०.० | ० | ०.० |
| २ | गृह | ५३ | ७ | ३ | ४२.९ | ४ | ५७.१ | ० | ०.० |
| ३ | राष्ट्रिय योजना आयोग | १२ | ६ | २ | ३३.३ | ३ | ५०.० | १ | १६.७ |
| ४ | कानुन, न्याय तथा संसदीय मामिला | १४ | ३ | १ | ३३.३ | २ | ६६.७ | ० | ०.० |
| ५ | राष्ट्रिय तथ्याङ्क कार्यालय | १९ | ७ | २ | २८.६ | ४ | ५७.१ | १ | १४.३ |
| ६ | रक्षा | १९ | ७ | २ | २८.६ | ५ | ७१.४ | ० | ०.० |
| ७ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५६ | ३३ | ६ | १८.२ | २५ | ७५.८ | २ | ६.१ |
| ८ | परराष्ट्र | २१ | ७ | ० | ०.० | ७ | १००.० | ० | ०.० |
| ९ | सङ्घीय मामिला तथा सामान्य प्रशासन | २२ | १० | ० | ०.० | १० | १००.० | ० | ०.० |
| १० | राष्ट्रिय सतर्कता केन्द्र | ७ | ३ | ० | ०.० | ३ | १००.० | ० | ०.० |
| ११ | सार्वजनिक खरिद अनुगमन कार्यालय | ८ | २ | ० | ०.० | २ | १००.० | ० | ०.० |
| | **कुल** | **२३४** | **८६** | **१७** | **१९.८** | **६५** | **७५.६** | **४** | **४.७** |

### ५.३.२ शासकीय सुधार क्षेत्रका माइलस्टोनको प्रगति स्थिति

शासकीय सुधार क्षेत्र अन्तर्गतका मन्त्रालय/निकायहरूको चैत मसान्तसम्म सम्पन्न हुनुपर्ने २५३ माइलस्टोनको समग्र स्थिति हेर्दा ५६.१ प्रतिशत सम्पन्न भएका, ३६.८ प्रतिशत चालु अवस्थामा रहेका र ७.१ प्रतिशत माइलस्टोन सुरु हुन सकेका छैनन्। सम्पन्न हुनुपर्ने माइलस्टोनको


स्थितिलाई तुलनात्मक रूपमा हेर्दा नेपाल ट्रष्टको कार्यालयको सबैभन्दा बढी ७५ प्रतिशत माइलस्टोन सम्पन्न भएको देखिएको छ भने सबैभन्दा कम राष्ट्रिय सतर्कता केन्द्र र सार्वजनिक खरिद अनुगमन कार्यालय दुबैको सम्पन्न प्रतिशत ४० रहेको देखिएको छ। त्यसैगरी, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको २१.१ प्रतिशत माइलस्टोन सुरु हुन नसकेको देखिएको छ।

**तालिकाः १४- सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगति स्थितिः शासकीय सुधार क्षेत्र**

| क्र.सं. | मन्त्रालय/ निकाय | माइलस्टोन संख्या | चैत महिनासम्म सम्पन्न हुनुपर्ने | चैत महिनासम्म सम्पन्न हुनुपर्नेमध्ये | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सम्पन्न | | चालु | | सुरु नभएको | |
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | नेपाल ट्रष्टको कार्यालय | ८ | ४ | ३ | ७५.० | १ | २५.० | ० | ०.० |
| २ | राष्ट्रिय तथ्याङ्क कार्यालय | ४० | २७ | १९ | ७०.४ | ४ | १४.८ | ४ | १४.८ |
| ३ | कानुन, न्याय तथा संसदीय मामिला | ३८ | १९ | १२ | ६३.२ | ३ | १५.८ | ४ | २१.१ |
| ४ | गृह | १०८ | ५६ | ३५ | ६२.५ | २१ | ३७.५ | ० | ०.० |
| ५ | राष्ट्रिय योजना आयोग | १६ | ९ | ५ | ५५.६ | ३ | ३३.३ | १ | ११.१ |
| ६ | रक्षा | ६३ | ३५ | १९ | ५४.३ | १४ | ४०.० | २ | ५.७ |
| ७ | परराष्ट्र | ३७ | १७ | ९ | ५२.९ | ८ | ४७.१ | ० | ०.० |
| ८ | सङ्घीय मामिला तथा सामान्य प्रशासन | २७ | १४ | ७ | ५०.० | ७ | ५०.० | ० | ०.० |
| ९ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ९१ | ५७ | २७ | ४७.४ | २३ | ४०.४ | ७ | १२.३ |
| १० | राष्ट्रिय सतर्कता केन्द्र | १० | ५ | २ | ४०.० | ३ | ६०.० | ० | ०.० |
| ११ | सार्वजनिक खरिद अनुगमन कार्यालय | २६ | १० | ४ | ४०.० | ६ | ६०.० | ० | ०.० |
| | **कुल** | **४६४** | **२५३** | **१४२** | **५६.१** | **९३** | **३६.८** | **१८** | **७.१** |

शासकीय सुधार क्षेत्रका मन्त्रालय/ निकायहरूको चैत महिनाभित्र सम्पन्न हुनुपर्ने विगत वर्षको माइलस्टोनको प्रगति स्थिति तुलना गर्दा सम्पन्न प्रतिशत ३.१ अङ्कले बढेको, चालु अवस्थामा रहेका माइलस्टोनको प्रतिशत नगण्य अङ्कले बढेको र सुरु नभएका माइलस्टोन प्रतिशत ४ अङ्कले घटेको देखिएको छ।

**लेखाचित्रः ११- सम्पन्न हुनुपर्ने माइलस्टोनको तुलनात्मक प्रगति स्थितिः शासकीय सुधार क्षेत्र**



शासकीय सुधार क्षेत्र अन्तर्गतका मन्त्रालय/ निकायहरुको चैत महिनाभित्र सुरु भई निश्चित लक्ष्य प्राप्त गरी पछिल्लो महिनामा सम्पन्न हुने १४० वटा माइलस्टोनको समग्र स्थिति हेर्दा १० प्रतिशत माइलस्टोन निर्धारित समय अगावै सम्पन्न भएका, ४७.१ प्रतिशत माइलस्टोनले लक्ष्य हासिल गरेका, ३८.६ प्रतिशत माइलस्टोनले लक्ष्य हासिल गर्न नसकेका र ४.३ प्रतिशत माइलस्टोन सुरु हुन नसकेको देखिएको छ। तुलनात्मक रूपमा हेर्दा राष्ट्रिय सतर्कता केन्द्रको ७५ प्रतिशत माइलस्टोनले चैत महिनासम्मका लागि निर्धारित लक्ष्य प्राप्त गरेका छन् भने रक्षा मन्त्रालयको सबैभन्दा कम ३० प्रतिशत माइलस्टोनले लक्ष्य प्राप्त गरेका छन्। कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको २३.१ प्रतिशत माइलस्टोन सुरु हुन नसकेको देखिएको छ। त्यसैगरी, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको ६ वटा, गृह मन्त्रालयको ३ वटा, परराष्ट्र मन्त्रालय र राष्ट्रिय तथ्याङ्क कार्यालयको २/२ वटा तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको १ वटा गरी जम्मा १४ वटा माइलस्टोन निर्धारित समय अगावै सम्पन्न भएको देखिएको छ।

**तालिकाः १५- सुरु भई निश्चित लक्ष्य हासिल हुनुपर्ने माइलस्टोनको प्रगति स्थितिः शासकीय सुधार क्षेत्र**

| क.सं. | मन्त्रालय/निकाय | चैत महिनाभित्र सुरु हुनुपर्ने | सम्पन्न | | लक्ष्य प्राप्त भएका | | लक्ष्य प्राप्त नभएका | | कार्य सुरु नभएका | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | राष्ट्रिय सतर्कता केन्द्र | ४ | ० | ०.० | ३ | ७५.० | १ | २५.० | ० | ०.० |
| २ | परराष्ट्र | १८ | २ | ११.१ | १३ | ७२.२ | ३ | १६.७ | ० | ०.० |
| ३ | गृह | २६ | ३ | ११.५ | १४ | ५३.८ | ९ | ३४.६ | ० | ०.० |
| ४ | राष्ट्रिय योजना आयोग | ६ | ० | ०.० | ३ | ५०.० | ३ | ५०.० | ० | ०.० |
| ५ | नेपाल ट्रष्टको कार्यालय | २ | ० | ०.० | १ | ५०.० | १ | ५०.० | ० | ०.० |
| ६ | राष्ट्रिय तथ्याङ्क कार्यालय | ४ | २ | ५०.० | २ | ५०.० | ० | ०.० | ० | ०.० |
| ७ | सार्वजनिक खरिद अनुगमन कार्यालय | १३ | १ | ७.७ | ६ | ४६.२ | ६ | ४६.२ | ० | ०.० |
| ८ | सङ्घीय मामिला तथा सामान्य प्रशासन | ७ | ० | ०.० | ३ | ४२.९ | ४ | ५७.१ | ० | ०.० |
| ९ | कानुन, न्याय तथा संसदीय मामिला | १३ | ० | ०.० | ५ | ३८.५ | ५ | ३८.५ | ३ | २३.१ |
| १० | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २७ | ६ | २२.२ | १० | ३७.० | १० | ३७.० | १ | ३.७ |
| ११ | रक्षा | २० | ० | ०.० | ६ | ३०.० | १२ | ६०.० | २ | १०.० |
| | **कुल** | **१४०** | **१४** | **१०.०** | **६६** | **४७.१** | **५४** | **३८.६** | **६** | **४.३** |

## ५.४ सामाजिक क्षेत्रको प्रगति स्थिति

### ५.४.१ सामाजिक क्षेत्रका क्रियाकलापको प्रगति स्थिति

यस क्षेत्रसँग सम्बन्धित मन्त्रालय/निकायहरूको २०८१ चैत महिनाभित्र सम्पन्न हुनुपर्ने कुल ७५ क्रियाकलापको अवस्था हेर्दा ८ प्रतिशत सम्पन्न भएका, ८९.३ प्रतिशत चालु अवस्थामा रहेको र २.७ प्रतिशत सुरु हुन नसकेको देखिन्छ। क्रियाकलापको सम्पादनको तुलनात्मक स्थिति हेर्दा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको ३ वटा र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको १ वटा क्रियाकलाप सम्पन्न भएको देखिएको छ। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको ५ वटा माइलस्टोन चालु अवस्थामा रहेका र १ वटा माइलस्टोन सुरु हुन नसकेको देखिएको छ।

**तालिका: १६- क्रियाकलापको प्रगति स्थिति: सामाजिक क्षेत्र**

| क.सं. | मन्त्रालय/निकाय | कुल क्रियाकलाप | चैत महिनासम्म सम्पन्न हुनुपर्ने | सम्पन्न | | चालु | | कार्य सुरु नभएका | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | स्वास्थ्य तथा जनसङ्ख्या | २८ | १० | १ | १०.० | ८ | ८०.० | १ | १०.० |
| २ | शिक्षा, विज्ञान तथा प्रविधि | ५८ | ३३ | ३ | ९.१ | ३० | ९०.९ | ० | ०.० |
| ३ | युवा तथा खेलकुद | २७ | ११ | १ | ९.१ | १० | ९०.९ | ० | ०.० |
| ४ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा | २९ | १५ | १ | ६.७ | १४ | ९३.३ | ० | ०.० |
| ५ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक | १० | ६ | ० | ०.० | ५ | ८३.३ | १ | १६.७ |
| | **कुल** | **१५२** | **७५** | **६** | **८.०** | **६७** | **८९.३** | **२** | **२.७** |

### ५.४.२ सामाजिक क्षेत्रका माइलस्टोनको प्रगति स्थिति


सामाजिक क्षेत्र अन्तर्गतका मन्त्रालय/निकायहरूको चैत मसान्तसम्म सम्पन्न हुनुपर्ने २२२ माइलस्टोनको समग्र स्थिति हेर्दा ४९.१ प्रतिशत सम्पन्न भएका, ४०.१ प्रतिशत चालु अवस्थामा रहेका र १०.८ प्रतिशत माइलस्टोन सुरु हुन सकेका छैनन्। सम्पन्न हुनुपर्ने माइलस्टोनको सम्पन्न स्थितिलाई तुलनात्मक रूपमा हेर्दा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सबैभन्दा बढी ५८.८ प्रतिशत सम्पन्न भएको देखिएको छ भने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सबैभन्दा कम २१.४ प्रतिशत सम्पन्न भएको देखिएको छ। त्यसैगरी, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको ३२.३ प्रतिशत माइलस्टोन सुरु हुन नसकेको देखिएको छ।

## तालिका: १७- सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगति स्थिति: सामाजिक क्षेत्र

| क.सं. | मन्त्रालय/ निकाय | माइलस्टोन संख्या | चैत महिनासम्म सम्पन्न हुनुपर्ने | चैत महिनासम्म सम्पन्न हुनुपर्नेमध्ये | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सम्पन्न | | चालु | | सुरु नभएको | |
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | शिक्षा, विज्ञान तथा प्रविधि | १२४ | ९७ | ५७ | ५८.८ | ३८ | ३९.२ | २ | २.१ |
| २ | स्वास्थ्य तथा जनसङ्ख्या | ५२ | ३१ | १६ | ५१.६ | ५ | १६.१ | १० | ३२.३ |
| ३ | युवा तथा खेलकुद | ७० | ४९ | २३ | ४६.९ | २२ | ४४.९ | ४ | ८.२ |
| ४ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक | २२ | १७ | ७ | ४१.२ | ५ | २९.४ | ५ | २९.४ |
| ५ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा | ४५ | २८ | ६ | २१.४ | १९ | ६७.९ | ३ | १०.७ |
| **कुल** | | **३१३** | **२२२** | **१०९** | **४९.१** | **८९** | **४०.१** | **२४** | **१०.८** |

सामाजिक क्षेत्रका मन्त्रालयहरूको चैत महिनाभित्र सम्पन्न हुनुपर्ने विगत दुई वर्षको माइलस्टोनको प्रगति स्थितिलाई तुलना गर्दा सम्पन्न प्रतिशत नगण्य अङ्कले बढेको, चालु अवस्थामा रहेका माइलस्टोनको प्रतिशत २.४ अङ्कले घटेको र कार्य सुरु नभएका माइलस्टोनको प्रतिशत १.९ अङ्कले बढेको देखिएको छ।

## लेखाचित्र: १२- सम्पन्न हुनुपर्ने माइलस्टोनको तुलनात्मक प्रगति स्थिति: सामाजिक क्षेत्र




सामाजिक क्षेत्र अन्तर्गतका चैत महिनाभित्र सुरु भई निश्चित लक्ष्य प्राप्त गरी पछिल्लो महिनामा सम्पन्न हुने ४७ वटा माइलस्टोनको समग्र स्थिति हेर्दा ६.४ प्रतिशत माइलस्टोन निर्धारित समय अगावै सम्पन्न भएका, ३१.९ प्रतिशत माइलस्टोनले लक्ष्य हासिल गरेका, ६१.७ प्रतिशत माइलस्टोनले लक्ष्य हासिल गर्न नसकेका देखिएको छ। तुलनात्मक रूपमा हेर्दा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सबैभन्दा बढी ५० प्रतिशत माइलस्टोनले चैत महिनासम्मका लागि निर्धारित लक्ष्य प्राप्त गरेका छन् भने सबैभन्दा कम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको १५.४ प्रतिशत देखिएको छ। त्यसैगरी, युवा तथा खेलकुद मन्त्रालयको ३ वटा माइलस्टोन निर्धारित समय अगावै सम्पन्न भएको देखिएको छ।

तालिकाः १८- सुरु भई निश्चित लक्ष्य हासिल हुनुपर्ने माइलस्टोनको प्रगति स्थितिः सामाजिक क्षेत्र

| क.सं. | मन्त्रालय/निकाय | चैत महिनाभित्र सुरु हुनुपर्ने | सम्पन्न | | लक्ष्य प्राप्त भएका | | लक्ष्य प्राप्त नभएका | | कार्य सुरु नभएका | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक | २ | ० | ०.० | १ | ५०.० | १ | ५०.० | ० | ०.० |
| २ | शिक्षा, विज्ञान तथा प्रविधि | ११ | ० | ०.० | ५ | ४५.५ | ६ | ५४.५ | ० | ०.० |
| ३ | स्वास्थ्य तथा जनसङ्ख्या | ९ | ० | ०.० | ४ | ४४.४ | ५ | ५५.६ | ० | ०.० |
| ४ | युवा तथा खेलकुद | १२ | ३ | २५.० | ३ | २५.० | ६ | ५०.० | ० | ०.० |
| ५ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा | १३ | ० | ०.० | २ | १५.४ | ११ | ८४.६ | ० | ०.० |
| **कुल** | | **४७** | **३** | **६.४** | **१५** | **३१.९** | **२९** | **६१.७** | **०** | **०.०** |

## ६. मन्त्रालय/ निकायगत माइलस्टोनको चैत महिनासम्मको प्रगति

२०८१ चैत महिनासम्म निश्चित लक्ष्य हासिल हुनुपर्ने १,६५१ वटा माइलस्टोनको अवस्था विश्लेषण गर्दा ४९.८ प्रतिशत माइलस्टोन सम्पन्न वा लक्ष्य प्राप्त भएका छन् भने लक्ष्य प्राप्त नभएका माइलस्टोन ४३.४ प्रतिशत र सुरु नभएका माइलस्टोन प्रतिशत ६.७ रहेको छ। माइलस्टोन सम्पादनको तुलनात्मक स्थिति हेर्दा सवैभन्दा बढी राष्ट्रिय तथ्याङ्क कार्यालयको ७४.२ प्रतिशत र सवैभन्दा कम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको १९.५ प्रतिशत माइलस्टोन सम्पन्न वा लक्ष्य हासिल भएको देखिएको छ।

**तालिकाः १९- चैत महिनासम्म सम्पन्न हुनुपर्ने माइलस्टोनको प्रगतिस्थिति**

| क.सं. | मन्त्रालय/निकाय | कुल माइलस्टोन | चैतभित्र सम्पन्न वा सुरु हुनुपर्ने माइलस्टोन | सम्पन्न वा लक्ष्य प्राप्त भएका माइलस्टोन | | लक्ष्य प्राप्त नभएका माइलस्टोन | | सुरु नभएका माइलस्टोन | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | राष्ट्रिय तथ्याङ्क कार्यालय | ४० | ३१ | २३ | ७४.२ | ४ | १२.९ | ४ | १२.९ |
| २ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण | ५८ | ४२ | ३० | ७१.४ | १२ | २८.६ | ० | ०.० |
| ३ | परराष्ट्र | ३७ | ३५ | २४ | ६८.६ | ११ | ३१.४ | ० | ०.० |
| ४ | नेपाल ट्रष्टको कार्यालय | ८ | ६ | ४ | ६६.७ | २ | ३३.३ | ० | ०.० |
| ५ | गृह | १०८ | ८२ | ५२ | ६३.४ | ३० | ३६.६ | ० | ०.० |
| ६ | ऊर्जा, जलस्रोत तथा सिँचाइ | २२३ | २०४ | १२१ | ५९.३ | ७१ | ३४.८ | १२ | ५.९ |
| ७ | शिक्षा, विज्ञान तथा प्रविधि | १२४ | १०८ | ६२ | ५७.४ | ४४ | ४०.७ | २ | १.९ |
| ८ | राष्ट्रिय सतर्कता केन्द्र | १० | ९ | ५ | ५५.६ | ४ | ४४.४ | ० | ०.० |
| ९ | कृषि तथा पशुपन्छी विकास | ९२ | ८० | ४४ | ५५.० | ३३ | ४१.३ | ३ | ३.८ |
| १० | राष्ट्रिय योजना आयोग | १६ | १५ | ८ | ५३.३ | ६ | ४०.० | १ | ६.७ |
| ११ | कानुन, न्याय तथा संसदीय मामिला | ३८ | ३२ | १७ | ५३.१ | ८ | २५.० | ७ | २१.९ |
| १२ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ९१ | ८४ | ४३ | ५१.२ | ३३ | ३९.३ | ८ | ९.५ |
| १३ | स्वास्थ्य तथा जनसङ्ख्या | ५२ | ४० | २० | ५०.० | १० | २५.० | १० | २५.० |
| १४ | उद्योग, वाणिज्य तथा आपूर्ति | ७१ | ६१ | ३० | ४९.२ | २९ | ४७.५ | २ | ३.३ |
| १५ | सञ्चार तथा सूचना प्रविधि | ८१ | ७५ | ३६ | ४८.० | ३८ | ५०.७ | १ | १.३ |
| १६ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | ६५ | ४६ | २२ | ४७.८ | २४ | ५२.२ | ० | ०.० |
| १७ | सार्वजनिक खरिद अनुगमन कार्यालय | २६ | २३ | ११ | ४७.८ | १२ | ५२.२ | ० | ०.० |
| १८ | सङ्घीय मामिला तथा सामान्य प्रशासन | २७ | २१ | १० | ४७.६ | ११ | ५२.४ | ० | ०.० |
| १९ | युवा तथा खेलकुद | ७० | ६१ | २९ | ४७.५ | २८ | ४५.९ | ४ | ६.६ |
| २० | रक्षा | ६३ | ५५ | २५ | ४५.५ | २६ | ४७.३ | ४ | ७.३ |
| २१ | अर्थ | १३७ | ११३ | ४९ | ४३.४ | ४८ | ४२.५ | १६ | १४.२ |
| २२ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक | २२ | १९ | ८ | ४२.१ | ६ | ३१.६ | ५ | २६.३ |
| २३ | वन तथा वातावरण | ९३ | ७९ | ३२ | ४०.५ | ४३ | ५४.४ | ४ | ५.१ |
| २४ | भौतिक पूर्वाधार तथा यातायात | ९८ | ७६ | ३० | ३९.५ | ३९ | ५१.३ | ७ | ९.२ |
| २५ | खानेपानी | ६५ | ५९ | २३ | ३९.० | ३० | ५०.८ | ६ | १०.२ |
| २६ | शहरी विकास | १८५ | १४५ | ५४ | ३७.२ | ७९ | ५४.५ | १२ | ८.३ |
| २७ | लगानी बोर्डको कार्यालय | १६ | ९ | ३ | ३३.३ | ६ | ६६.७ | ० | ०.० |
| २८ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा | ४५ | ४१ | ८ | १९.५ | ३० | ७३.२ | ३ | ७.३ |
| | कुल | १९६१ | १६५१ | ८२३ | ४९.८ | ७१७ | ४३.४ | १११ | ६.७ |

- २०८१ चैत महिनाभित्र सम्पन्न वा सुरु हुनुपर्नेमध्ये सुरु नभएका माइलस्टोनको अवस्था विश्लेषण गर्दा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सुरु नभएको माइलस्टोनको प्रतिशत सबैभन्दा बढी २६.३ प्रतिशत रहेको देखिएको छ भने दोस्रोमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय २५ प्रतिशत र तेस्रोमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय २१.९ प्रतिशत रहेको छ। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, परराष्ट्र मन्त्रालय, नेपाल ट्रष्टको कार्यालय, गृह मन्त्रालय, राष्ट्रिय सतर्कता केन्द्र, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सार्वजनिक खरिद अनुगमन कार्यालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र लगानी बोर्डको कार्यालय गरी ९ वटा मन्त्रालय/ निकायको यस अवधिमा सुरु नभएका माइलस्टोन नरहेको देखिएको छ।

## ७. समस्या र कारणहरूको विश्लेषण

- २०८१ चैत महिनाभित्र सम्पन्न हुनुपर्ने १,०२६ वटा र चैत महिनाभित्र निर्धारित लक्ष्य हासिल गरी चालु अवस्थामा रहनुपर्ने ६२५ वटा माइलस्टोन गरी जम्मा १,६५१ माइलस्टोनको विषयानुसार अवस्था अध्ययन गर्दा कार्यक्रम सञ्चालनसँग सम्बन्धित ५५.५ प्रतिशत र खरिद प्रक्रियासँग सम्बन्धित ५०.२ प्रतिशत माइलस्टोन सम्पन्न भएको वा समीक्षा अवधिसम्मका लागि तोकिएको लक्ष्य प्राप्त गरेको देखिएको छ भने लगानी मोडालिटी तथा वित्तीय ढाँचा तयारीसँग सम्बन्धित २२.२ प्रतिशत र जग्गा प्राप्ति तथा साइट क्लियरेन्ससँग सम्बन्धित १८.८ प्रतिशत माइलस्टोन सुरु हुन नसकेको देखिएको छ।

**तालिकाः २०- निर्धारित लक्ष्य हासिल हुनुपर्ने माइलस्टोनको विषय**

| क.सं. | माइलस्टोनको विषय | कुल माइलस्टोन | सम्पन्नवा लक्ष्य प्राप्त भएका | | लक्ष्य प्राप्त नभएका | | सुरु नभएका | |
|---|---|---|---|---|---|---|---|---|
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | कार्यक्रम सञ्चालन | ६४१ | ३५६ | ५५.५ | २६० | ४०.६ | २५ | ३.९ |
| २ | खरिद प्रक्रिया | २६७ | १३४ | ५०.२ | ११६ | ४३.४ | १७ | ६.४ |
| ३ | वातावरणीय अध्ययन | १८ | ९ | ५०.० | ९ | ५०.० | ० | ०.० |
| ४ | निर्माण/खरिदकार्य | ४२२ | २०३ | ४८.१ | १८७ | ४४.३ | ३२ | ७.६ |
| ५ | कानूनी तयारी | १६८ | ७३ | ४३.५ | ७८ | ४६.४ | १७ | १०.१ |
| ६ | सम्भाव्यता अध्ययन | ८५ | ३६ | ४२.४ | ३९ | ४५.९ | १० | ११.८ |
| ७ | लगानी मोडालिटी तथा वित्तीय ढाँचा तयार | १८ | ६ | ३३.३ | ८ | ४४.४ | ४ | २२.२ |
| ८ | जग्गा प्राप्ति तथा साइट क्लियरेन्स | ३२ | ६ | १८.८ | २० | ६२.५ | ६ | १८.८ |
| **कुल** | | **१६५१** | **८२३** | **४९.८** | **७१७** | **४३.४** | **१११** | **६.७** |

- संवत् २०८१ चैत महिनाभित्र सम्पन्न हुनुपर्ने १,०२६ वटा माइलस्टोनमध्ये चालु अवस्थामा रहेका ४४३ वटा र सुरु हुन नसकेका ८६ वटा; चैत महिनाभित्र निर्धारित लक्ष्य हासिल गरी चालु अवस्थामा रहनुपर्ने ६२५ वटा माइलस्टोनमध्ये लक्ष्य प्राप्ति नभएका २७४ वटा र सुरु हुन नसकेका २५ वटा गरी जम्मा ८२८ वटा माइलस्टोनको लक्ष्य हासिल हुन नसकेको देखिन्छ। मन्त्रालय/निकायहरूले निश्चित लक्ष्य हासिल गर्न नसकेका उक्त ८२८ माइलस्टोनलाई विषयअनुसार वर्गीकरण गर्दा कार्यक्रम सञ्चालनसँग सम्बन्धित ३४.४ प्रतिशत,

निर्माण/खरिद कार्यसँग सम्बन्धित २६.४ प्रतिशत, खरिद प्रक्रियासँग सम्बन्धित १६.१ प्रतिशत, कानुनी तयारीसँग सम्वन्धित ११.५ प्रतिशत माइलस्टोनले लक्ष्य प्राप्त गर्न नसकेको देखियो।

**तालिकाः २१- निर्धारित लक्ष्य प्राप्त नभएका माइलस्टोनका विषय**

| क.सं. | माइलस्टोनका विषय | माइल्स्टोन संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कार्यक्रम सञ्चालन | २८५ | ३४.४ |
| २ | निर्माण/खरिद कार्य | २१९ | २६.४ |
| ३ | खरिद प्रक्रिया | १३३ | १६.१ |
| ४ | कानुनी तयारी | ९५ | ११.५ |
| ५ | सम्भाव्यता अध्ययन | ४९ | ५.९ |
| ६ | जग्गा प्राप्ति तथा साइट क्लियरेन्स | २६ | ३.१ |
| ७ | लगानी मोडालिटी तथा वित्तीय ढाँचा तयार | १२ | १.४ |
| ८ | वातावरणीय अध्ययन | ९ | १.१ |
| | **कुल** | **८२८** | **१००.०** |

- माइलस्टोनको लक्ष्य, प्रगति र सम्पन्न हुनुपर्ने महिना अध्ययन गर्दा संवत् २०८१ चैतसम्म सम्पन्न भईसक्ने भनी लक्ष्य निर्धारण भएका र लक्ष्य वरावर वा लक्ष्यभन्दा वढी प्रगति हासिल गरेका माइलस्टोनसमेत चालु अवस्थामा नै राखी प्रगति प्रविष्टि गरेको हुँदा रक्षा मन्त्रालयको ५ वटा माइलस्टोनसमेत ९ वटा मन्त्रालय/निकायको १८ वटा माइलस्टोनको वास्तविक अवस्था एकीन गर्न सकिएन।

**तालिकाः २२- माइलस्टोनको प्रगति प्रविष्टिमा त्रुटी**

| क.सं. | मन्त्रालय/निकाय | माइलस्टोन संख्या |
|---|---|---|
| १ | रक्षा मन्त्रालय | ५ |
| २ | शहरी विकास मन्त्रालय | ३ |
| ३ | खानेपानी मन्त्रालय | २ |
| ४ | वन तथा वातावरण मन्त्रालय | २ |
| ५ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | २ |
| ६ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | १ |
| ७ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | १ |
| ८ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | १ |
| ९ | राष्ट्रिय सतर्कता केन्द्र | १ |
| | **जम्मा** | **१८** |

- सम्बन्धित मन्त्रालय/निकायहरूले देखाएका ८२८ वटा माइलस्टोनको लक्ष्य हासिल हुन नसक्नुका कारण/ समस्याहरू तल तालिकामा देखाइएको छ।

## तालिकाः २३- लक्ष्य हासिल हुन नसक्नुका कारण/ समस्या

| क.सं. | लक्ष्य प्राप्त हुन नसक्नुका कारण/समस्या | माइल्स्टोन संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | लक्ष्य उन्मुख रहेको | ४१५ | ४९.८ |
| २ | कार्यक्रम कार्यान्वियनका लागि पूर्व तयारी पूरा नभएको | ११५ | १३.८ |
| ३ | बजेट व्यवस्थापन/ स्रोत सुनिश्चितता नभएको | ८७ | १०.४ |
| ४ | अन्तर तह/ मन्त्रालय/ निकाय समन्वय र स्वीकृति | ३८ | ४.६ |
| ५ | जनशक्ति अभाव तथा नेतृत्व परिवर्तन | ३७ | ४.४ |
| ६ | कार्यक्रमको पुनःसंरचना / पुनः प्रक्रिया आरम्भ गर्नु परेको | २७ | ३.२ |
| ७ | विवाद तथा प्रक्रियागत जटिलता | २४ | २.९ |
| ८ | विपद | १६ | १.९ |
| ९ | स्थान छनोट / जग्गा प्राप्ति नभएको | १५ | १.८ |
| १० | कानुन तर्जुमा / संशोधन हुन नसकेको | ५ | ०.६ |
| ११ | निर्माण सामग्रीको अभाव | ४ | ०.५ |
| १२ | अन्य | ५१ | ६.१ |
| | कुल | ८३४ | १०० |

*नोटः ६ वटा माइलस्टोनको लक्ष्य हासिल हुन नसक्नुमा २ वटा कारण उल्लेख भएको।*

- माइलस्टोनले लक्ष्य हासिल गर्न नसक्नुका कारण/समस्याहरू निकायगत रूपमा देहाय बमोजिम रहेका छन्-

| क. सं | मन्त्रालय/निकाय | निर्धारित लक्ष्य प्राप्त हुन नसक्नुका कारणहरू* | | | | | | | | | | | | कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | |
| १ | प्र.म. तथा म.प.का. | १६ | २२ | २ | | | | | | | १ | | | ४१ |
| २ | अर्थ | ३६ | १७ | ८ | | | १ | २ | | | | | | ६४ |
| ३ | उद्योग | १६ | ४ | | १ | ४ | | ३ | १ | | | १ | १ | ३१ |
| ४ | ऊर्जा | ३३ | ४ | १५ | ११ | ३ | | ५ | ३ | ३ | १ | १ | ५ | ८४ |
| ५ | कानुन | १४ | | | १ | | | | | | | | | १५ |
| ६ | कृषि | १८ | ९ | ४ | २ | | २ | | | | | | १ | ३६ |
| ७ | खानेपानी | ११ | | १२ | १ | १ | | | ४ | | | | ७ | ३६ |
| ८ | गृह | १९ | १ | ४ | | | १ | ५ | | | | | | ३० |
| ९ | परराष्ट्र | ११ | | | | | | | | | | | | ११ |
| १० | भूमि | १२ | | | | | | | | | | | | १२ |
| ११ | भौतिक | २१ | | ९ | ५ | | | ४ | १ | | | २ | ६ | ४८ |

| क्र. सं | मन्त्रालय/निकाय | निर्धारित लक्ष्य प्राप्त हुन नसक्नुका कारणहरू* | | | | | | | | | | | | कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | |
| १२ | महिला | ५ | | २ | | | | | | ३ | | | १ | ११ |
| १३ | युवा | १८ | | २ | | | १२ | | | | | | | ३२ |
| १४ | रक्षा | १९ | | | | | | | ६ | | | | ५ | ३० |
| १५ | वन | ३५ | ३ | १ | | ५ | | | १ | | | | २ | ४७ |
| १६ | शिक्षा | १३ | २० | २ | १ | ७ | १ | | | | | | २ | ४६ |
| १७ | श्रम | २९ | ४ | | | | | | | | | | | ३३ |
| १८ | संस्कृति | | ११ | ९ | | १ | ३ | | | | | | | २४ |
| १९ | सङ्घीय मामिला | १० | | | | | | | | | | | १ | ११ |
| २० | सञ्चार | १७ | ४ | १ | ९ | १ | ५ | | | १ | १ | | | ३९ |
| २१ | शहरी | २७ | १२ | ७ | ४ | १२ | | ५ | | ८ | | | १९ | ९४ |
| २२ | स्वास्थ्य | ८ | २ | ५ | | १ | २ | | | | २ | | | २० |
| २३ | योजना आयोग | ७ | | | | | | | | | | | | ७ |
| २४ | तथ्याङ्क कार्यालय | ४ | | २ | | २ | | | | | | | | ८ |
| २५ | सतर्कता केन्द्र | १ | | २ | | | | | | | | | १ | ४ |
| २६ | सार्वजनिक खरिद | ९ | | | ३ | | | | | | | | | १२ |
| २७ | लगानी बोर्ड | ६ | | | | | | | | | | | | ६ |
| २८ | नेपाल ट्रष्ट | | २ | | | | | | | | | | | २ |
| | **कुल** | **४१५** | **११५** | **८७** | **३८** | **३७** | **२७** | **२४** | **१६** | **१५** | **५** | **४** | **५१** | **८३४** |

**१.** लक्ष्य उन्मुख रहेको **२.** कार्यक्रम कार्यान्वयनका लागि पूर्व तयारी पूरा नभएको **३.** बजेट व्यवस्थापन/ स्रोत सुनिश्चितता नभएको **४.** अन्तर तह/ मन्त्रालय/ निकाय समन्वय र स्वीकृति **५.** जनशक्ति अभाव तथा नेतृत्व परिवर्तन **६.** कार्यक्रमको पुन:संरचना/पुन: प्रक्रिया आरम्भ गर्नुपरेको **७.** विवाद तथा प्रक्रियागत जटिलता **८.** विपद **९.** स्थान छनोट/जग्गा प्राप्ति नभएको **१०.** कानुन तर्जुमा / संशोधन हुन नसकेको **११.** निर्माण सामग्रीको अभाव **१२.** अन्य

- माथिको तालिका विश्लेषण गर्दा लक्ष्य उन्मुख रहेका माइलस्टोन ४१५ वटा रहेका छन्। लक्ष्य प्राप्त हुन नसक्नुका प्रमुख कारणहरूमा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पूर्वतयारीका कार्यहरू पूरा हुन नसक्नु प्रमुख कारणको रूपमा रहेको छ। अध्ययन तथा अनुसन्धानमा विलम्ब, स्पेशिफिकेशन र लागत अनुमान तयारीमा विलम्ब, नतोकिएको कार्यमा व्यस्त हुनु परेको जस्ता पूर्वतयारीका कार्यहरू समयमा सम्पन्न हुन नसकेकोले कार्यक्रमहरू अगाडि बढ्न सकेका छैनन्। समीक्षा अवधिमा कार्यक्रम कार्यान्वयनका लागि पूर्वतयारी पूरा हुन नसकेका कारण ११५ वटा माइलस्टोनले लक्ष्य प्राप्त गर्न नसकेको देखिएको छ।

- चालु आर्थिक वर्षको बजेट कार्यान्वयन कार्ययोजना तर्जुमा गर्दा स्रोत सुनिश्चितता नभएका कार्यहरू कार्ययोजनामा समावेश नगर्न सुझाव दिइएको थियो। तर पनि सम्पन्न वा सुरु हुनुपर्ने माइलस्टोनमध्ये ८७ वटा माइलस्टोन पर्याप्त बजेट व्यवस्थापन हुन नसकेको वा स्रोत

सुनिश्चितता नभएको कारणबाट प्रभावित भएको देखिएको छ। जसमा संयुक्त राज्य अमेरिकाको वैदेशिक सहायतासम्बन्धी सहयोग केही समयका लागि रोक्का भएका कारण अर्थ मन्त्रालय अन्तर्गतको मिलेनियम च्यालेन्ज कर्पोरेशन नेपाल परियोजनासँग सम्वन्धित ८ वटा माइलस्टोन र कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतका निकायको २ वटा माइलस्टोन गरी जम्मा १० वटा माइलस्टोनसमेत समावेश छन्।

- स्रोत अनुमान वास्तविकको नजिक नहुँदा बजेट तर्जुमाका बखत विभिन्न कार्यक्रममा विनियोजन गरिएको रकम कार्यान्वयन चरणमा रोक्का राखी सञ्चित कोष व्यवस्थापन गर्नुपर्ने अवस्था सिर्जना भएको छ। जसले गर्दा समेत माइलस्टोनहरू प्रभावित भएका छन्।

- कार्यान्वयन गर्ने निकायको प्रयासले मात्र सम्पादन हुन नसक्ने कार्यहरूमा अन्तरसम्बन्धित निकायहरूको सहयोग आवश्यक पर्दछ। राय सहमति प्राप्तिमा ढिलाइ, समन्वयको अभाव, EIA/IEE स्वीकृतिमा ढिलाइजस्ता अन्तर तह/मन्त्रालय/निकाय समन्वय र स्वीकृतिमा विलम्ब हुँदा ३८ वटा माइलस्टोन प्रभावित भएका छन्।

- कर्मचारीको अभाव हुनु, नेतृत्व परिवर्तन हुनु जस्ता कारणबाट ३७ वटा माइलस्टोनले लक्ष्य प्राप्त गर्न नसकेको देखिएको छ।

- कार्यक्रमको पुनःसंरचना/पुनः प्रक्रिया आरम्भ गर्नु परेका कारण २७ वटा, विवाद तथा प्रक्रियागत जटिलताका कारण २४ वटा, प्राकृतिक विपद्का कारण १६ वटा, स्थान छनोट/जग्गा प्राप्ति नभएका कारण १५ वटा, कानुन तर्जुमा/संशोधन हुन नसकेको ५ वटा र निर्माण सामग्रीको अभावका कारण ४ वटा माइलस्टोनले तोकिएको लक्ष्य प्राप्त गर्न नसकेको देखिएको छ।

- माइलस्टोनको लक्ष्य प्राप्त हुन नसक्नुमा अन्य कारण उल्लेख भएका माइलस्टोनको संख्या ५१ वटा रहेको छ। जसमध्ये निर्माण व्यवसायी/परामर्शदाताबाट भएको ढिलाइका कारण ३० वटा माइलस्टोन प्रभावित भएको छ। लक्ष्य प्राप्त गर्न नसक्नुको प्रष्ट कारण उल्लेख नगरिएका वा त्रुटीपूर्ण प्रतिवेदन गरिएका वा सम्वन्धित विषयमा प्रतिवेदन नै नगरिएकाले प्रारम्भ हुन नसकेका भनी वर्गीकरण भएका माइलस्टोनको संख्या २१ रहेको छ।

## ८. सुझावहरू

माथि उल्लेखित तथ्याङ्क एवम् विश्लेषण समेतबाट मन्त्रालय/निकायहरूले मुख्यतः निम्न विषयहरूमा ध्यान दिएमा कार्यसम्पादनलाई थप नतिजामुखी र परिणाममुखी बनाउन सक्ने देखिन्छः

- आर्थिक वर्षको प्रारम्भमा नै वार्षिक खरिद योजना बनाई लागु गर्ने, लागत अनुमान तयार गर्ने, बोलपत्रसम्बन्धी कागजात तयार गरी बोलपत्र आह्वान गर्ने, कार्यक्रम सञ्चालन कार्यविधि वा सञ्चालन ढाँचा तयार गर्ने, अध्ययन तथा अनुसन्धान जस्ता पूर्वतयारीका कार्यहरू समयमा नै सम्पन्न गर्नुपर्दछ। तोकिएको समयमा कार्य सम्पन्न हुन नसक्नाले पछाडि कार्यबोझ थपिने हुँदा त्यस्ता कार्यहरूलाई वैकल्पिक कार्ययोजना तयार गरी मूल कार्ययोजनामा असर नपर्ने गरी सम्पन्न गर्नुपर्दछ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले व्यवस्था गरेको राष्ट्रिय आयोजना बैंकको कार्यान्वयनलाई सुदृढ गर्नुपर्ने देखिएको छ। मन्त्रालय तथा निकायहरूले वार्षिक कार्यक्रमका रूपमा प्रस्ताव गर्ने कार्यक्रमहरूको स्वीकृतिको चरणमा नै स्रोत सुनिश्चितता गर्ने तथा स्रोत सुनिश्चितता/व्यवस्था नभएका तथा सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन, स्थान छनोट र जग्गा प्राप्ति जस्ता पूर्वतयारी सम्पन्न नभएका आयोजना तथा कार्यक्रमहरूमा बजेट विनियोजन गर्ने परिपाटीको अन्त्य गर्नुपर्दछ।
- बजेटमा घोषणा भएको विषयमा सम्बन्धित निकायले आवश्यक स्रोतको व्यवस्था गर्नु पर्दछ वा स्रोत सुनिश्चितता हुने गरी कार्य अगाडि बढाउने सहमति प्रदान गर्नुपर्दछ। कार्यान्वयनका लागि स्रोत उपलब्ध नहुने अवस्थाको अन्त्य गर्न स्रोतको पूर्व मूल्याङ्कन गरेर मात्र कार्यक्रम कार्यान्वयनमा लैजान उपयुक्त हुन्छ।
- स्रोत सुनिश्चितता र कम बजेटको समस्यालाई न्यून गर्न बजेट निर्माण गर्दा सर्वप्रथम अनिवार्य दायित्वको रकम भुक्तानी गर्न र विकास सहायताका कार्यक्रम तथा मुख्य प्रभाव पार्ने क्रमागत कार्यक्रमका लागि आवश्यक रकम छुट्याउनुपर्दछ। त्यसपछि मात्र नयाँ प्रस्ताव गरिएको प्राथमिकता प्राप्त आयोजना कार्यक्रममा रकम विनियोजन गर्नुपर्दछ। मध्यमकालीन खर्च संरचनाको प्रभावकारी कार्यान्वयन, बजेट अवण्डा राख्ने प्रवृत्तिमा नियमन, रकमान्तर, बजेट रोक्का तथा समर्पणजस्ता विषयहरूमा वित्तीय अनुशासन कायम गर्दै निरन्तर सुधार गर्नुपर्दछ।
- बजेट तर्जुमाका बखत गरिएको स्रोत अनुमान वास्तविकका नजिक नबन्दा कार्यान्वयनको चरणमा विभिन्न कार्यक्रममा राखिएको रकम रोक्का राखी कोष व्यवस्थापन गर्नु पर्ने अवस्था आउन नदिन अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगले स्रोत अनुमान वास्तविकको नजिक हुने गरी गर्नुपर्दछ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

- वर्षात् वा महामारीको समयमासमेत आयोजना/कार्यक्रम स्थलमा नगई कार्यालयबाट सञ्चालन गर्न सकिने क्रियाकलापको आधारभूत विषयहरू आर्थिक वर्षको सुरुका महिनामै सम्पन्न गरी स्थलगत रूपमा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने समयमा कार्यचाप कम गर्दै कार्यान्वयन प्रभावकारिता अभिवृद्धि गर्नुपर्छ।

- आयोजनाको निश्चित लक्ष्य हासिल नहुँदासम्म आयोजना प्रमुखको सरुवा नगर्ने, खरिद/निर्माण सम्वन्धी कानुनी व्यवस्थालाई व्यवहारिक बनाउने, छनोट भएका सबै आयोजनाको प्रभावकारी अनुगमन गर्ने र आयोजनाको कार्यान्वयनमा बाधा पुगेको देखिए तत्काल त्यसको सम्बोधन गर्ने गरिएमा आयोजना समयमै सम्पन्न गर्न सहयोग पुग्ने देखिन्छ।

- मन्त्रालय तथा निकायहरूमा प्रगति विवरण प्रविष्टि कार्यमा संलग्न कर्मचारीको सरूवा हुँदासमेत प्रविष्टि गर्ने कार्यमा त्रुटी भएको देखिन्छ। यस सन्दर्भमा प्रगति विवरण प्रविष्टि कार्यमा संलग्न कर्मचारीको सरूवा हुँदा प्रविष्टिसम्बन्धी ज्ञान हस्तान्तरण हुनेतर्फ मन्त्रालय/निकायले आवश्यक ध्यान दिनु पर्छ।

- अन्तरतह/मन्त्रालय/निकायसँगको समन्वय प्रभावकारी नहुँदा लक्षित उपलब्धि हासिल हुन नसकेको देखिन्छ। सम्बन्धित निकायबाट माग गरिएका राय सहमति आदि समयमै प्राप्त नहुनु, स्वीकृत/संशोधन हुनुपर्ने विषयहरू समयमै नहुनु, अन्य निकायबाट सहमति प्राप्त नहुने आदि कारणले समेत कार्यक्रमहरू प्रभावित भएको देखिएकोले प्रचलित ऐन/कानुनमा व्यवस्था भएका समन्वयकारी संयन्त्रलाई थप क्रियाशील गराउने र समन्वयको तहगत व्यवस्था गरी अन्तरतह एवं अन्तरनिकाय समन्वय प्रभावकारी बनाईनु पर्दछ।

- स्थान छनोट तथा जग्गा प्राप्ति मा देखिएका प्रक्रियागत ढिलाइका कारण माइलस्टोन प्रभावित भएका छन्। यस्तो समस्या विगतदेखि नै दोहोरिरहेको अवस्था छ। आयोजना छनोट गर्दा स्थानको समेत निक्यौंल नगरी आयोजना छनोट हुने गरेकोले विकास व्यवस्थापनको अत्यन्त कमजोर अवस्थालाई दर्शाउँछ।

- मन्त्रालयले समस्या समाधानका लागि गरेका प्रयासहरू एवम् मातहतका निकायहरूलाई दिएका निर्देशनहरूको जानकारी माथिल्लो तहबाट अनुगमन गर्ने निकायहरू (जस्तैः प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग आदि) लाई जानकारी दिनु उपयुक्त हुन्छ। यसबाट विषयवस्तुका सन्दर्भमा माथिल्लो निकायमा समेत जानकारी हुने तथा सो सम्बन्धमा एउटै बुझाइ रहने र संस्थागत अभिलेखसमेत रहन्छ।

- आयोजना/कार्यक्रम कार्यान्वयनमा देखिएका सम्बन्धित निकायबाट समाधान हुन नसक्ने समस्याहरूलाई यस कार्यालयको तत्काल समस्या समाधान तथा विपद् समन्वय शाखा एवम्

सम्बन्धित विषयक्षेत्र हेर्ने महाशाखा/शाखामा जानकारी गराई समस्या समाधानको पहल गर्नुपर्दछ।

- सार्वजनिक व्यवस्थापन र सुशासनको क्षेत्रमा तत्काल सुधारको कार्ययोजना बनाई कार्यान्वयनमा लैजाने र वित्तीय व्यवस्थापनमा मौजुदा कानुनी व्यवस्थाको कडाइका साथ कार्यान्वयन गर्नुपर्दछ।
- कार्यजिम्मेवारी निर्धारण गर्दा कार्यसम्पादन एवम् नेतृत्व मूल्याङ्कन गरी नतिजामा आधारित कार्यसम्पादन प्रणालीलाई संस्थागत गर्नुपर्दछ।